# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

गुणस्तर विनाको शिक्षा नुन विनाको तिउन् जस्तै हुन्छ । गुणात्मक शिक्षाका प्रमुख तत्वहरु भित्र पाठ्यक्रमको स्तर, मूल्यांकन विधिको प्रभावकारिता, शिक्षकको स्तर र उपयुक्त शैक्षिक वातावरण पर्दछन् । अपेक्षा गरिए बमोजिमको स्तर कायम हुन सकेको छ कि छैन भनेर ठम्याउन शैक्षिक निगरानीको प्रक्रिया अवलम्बन गरिएको हुन्छ भने कहीँ सुपरिवेक्षण व्यवस्था । दुवैको अभिप्राय र आशय उस्तै-उस्तै हो, अन्तर प्रक्रियागत मात्र हो (शर्मा, २०५७) ।

कुनै कार्य वा पद्धतिको परिवेश स्थिति, अवस्था एवं प्रभावकारिताको लेखाजोखा वा जाँचबुझ गर्नु निरीक्षण हो । दिव्य दृष्टिबाट कामको अवलोकन गर्ने, अध्ययन गर्ने र समाधानका लागि प्रयास गर्ने कार्य चाहिँ सुपरिवेक्षण हो । त्यस्तै विद्यालय निरीक्षण कार्यले विद्यालयको कार्य पद्धति, पाठ्यक्रमको प्रयोग अवस्था तथा समग्र शैक्षिक अवस्था एवं प्रभावकारिताको जाँचबुझ गर्दछ । यसै गरी विद्यालय सुपरिवेक्षण कार्यले विद्यालयको दैनन्दिन कार्य पद्धति, पाठ्यक्रमको प्रयोग, शिक्षण प्रक्रिया, शैक्षिक अवस्था र प्रभावकारिताको सम्बन्धमा गहिरिएर अध्ययन गर्ने र सुधारका लागि प्रयासहरु गर्दछ (शिक्षा विभाग, २०६२) ।

औपचारिक शिक्षाको सुरूवातसँगै विद्यालय निरीक्षण प्रक्रियाको सुरूवात भएको विश्वास गरिन्छ । हाम्रो शैक्षिक परम्परामा शिक्षा लिने र दिने कार्यको संस्थागत थालनीसँगै निरीक्षण र सुपरिवेक्षण कार्यको अपरिहार्यताको सोच विकास हुन थालेको पाइन्छ (शिक्षा विभाग, २०६१) । सन् १८१२ मा न्यूयोर्कमा सुपरिवेक्षणसम्बन्धी एउटा विधेयक पारित गरेर यसको थालनी भयो । सन् १८१२ मा पहिलो राज्य सुपरिटेण्डेन्टको व्यवस्था पछि औपचारिक शिक्षाको विकास र विस्तारको साथै यसको गुणस्तरीयताका लागि सुपरिवेक्षण कार्यको विकास भएको देखिन्छ (काफ्ले तथा अन्य, २०६१ ) ।

औपचारिक शिक्षाको सुरूवात राणाकालीन समयमा भएको पाइन्छ । त्यसबेला शक्तिशाली राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणा वि.सं. १९०३ मा बेलायतबाट फर्केपछि थापाथली दरबारमा राणा परिवारकालागि मात्र औपचारिक स्कुलको स्थापना गरेका थिए । त्यसपछि त्यहाँ विद्यार्थीहरूको सङ्ख्या बढ्दै गयो र केही वर्षपछि वि.सं. १९१० मा दरबार हाइस्कूलका रूपमा स्थापना गरियो । वि.सं १९१० मा त्यस विद्यालयका प्र.अ. मिस्टर क्यानिङ्ग थिए भने मिस्टर रोस लाई विद्यालय निरीक्षक (School

Inspector) का रूपमा नियुक्ति गरिएको थियो । त्यसै समयदेखि नेपालमा विद्यालय निरीक्षण सुरू भएको पाइन्छ (आ.प्रा.शि.प.,१९९७) ।

नेपालको शैक्षिक इतिहासको अध्ययन गर्दा शैक्षिक सुपरिवेक्षणको औपचारिक सुरूवात धेरै पछि भएको पाइन्छ तापनि जनस्तरबाटै शैक्षिक प्रशासन र सुपरिवेक्षण भने पहिलेदेखि नै भइ आएको पाइन्छ । वि.सं. १९७६ सालमा पाठशाला बन्दोवस्त इन्स्पेक्टरी अफिस खडा भएपछि त्यस अफिसको हाकिममा श्री ज्वाला सिंह हमाललाई नियुक्त गरिएको थियो । उनको मातहतमा चार जना इन्स्पेक्टरहरु थिए । नाम अनुसारको काम गर्न इन्स्पेक्टर बर्षको एक पटक जिल्लाको गौंडामा पाठशाला पुग्नु पर्दथ्यो । पाठशाला त्यतिवेला सतल वा पाटी पौवा वा देवालय समीपमा सञ्चालन हुने भएकोले पाठशालाको भौतिक पक्षको निरीक्षण गर्ने केही कुरा थिएन । शैक्षिक पक्ष सुधार गर्ने कुनै सिद्धान्त नहुँदा निरीक्षकले केवल पण्डित (शिक्षक) हरु समयमा पाठशाला आउने-नआउने, पढाउने त्यति बुझ्ने पुग्थ्यो (शर्मा, २०५७) ।

वि.सं. १९९५ मा शिक्षा निर्देशकको कार्यालय शिक्षा विभाग खोली डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनको व्यवस्था भएपछि शिक्षा प्रशासनको छुट्टै स्वरूप प्रस्तुत गरिएको थियो । नेपालको शिक्षा विकासको क्रममा जुद्ध शमसेरको पालामा वि.सं. १९९६ सालमा शिक्षा सम्बन्धी इस्तिहार अर्थात् कानूनको घोषणा गरियो । विद्यालय स्थापना, निरीक्षण व्यवस्था, पाठ्यक्रम, जनसहभागिता, सञ्चालक समिति आदि सबै विषयहरुमा जनतालाई सरिक गराउने गरी निस्केको यो पहिलो कानून थियो सो अनुसार विद्यालयहरुको निरीक्षणको प्रमुख जिम्मेवारी सञ्चालक समितिलाई नै दिइएको थियो । विद्यालयको हिसाबकिताबको जाँच सम्बन्धमा सरकारी इन्स्पेक्टरले निरीक्षण गर्ने व्यवस्था पनि यो इस्तिहारले गरेको पाइन्छ । विद्यालयका शिक्षकहरुको चालचलन र विद्यालय व्यवस्थाका बारेमा सञ्चालक समितिले नै निरीक्षण गरी डाइरेक्टर जनरललाई जाहेर गर्नुपर्ने व्यवस्था थियो । यसरी त्यसबेलाको निरीक्षण आजको शैक्षिक सल्लाहकार र निरीक्षक दुबै काम गर्न सक्ने योग्यता र तहको व्यक्ति हुने गर्दथ्यो । पहिलो शैक्षिक कानूनको आधारमा विद्यालयहरुको भौतिक अवस्था, शिक्षकको योग्यता र पठनपाठनको स्तर निरीक्षण गर्ने गरी वि.सं. १९९८ मा इन्स्पेक्टर अफ स्कूल अफिस खडा गरियो यसै पछि विद्यालय निरीक्षण प्रणालीको औपचारिक सुरूवात भएको हो । त्यस वेला सुपरिवेक्षण केवल निरीक्षणका रूपमा मात्र रहेको पाइन्छ । त्यतिखेर निरीक्षणको उद्देश्य नियम बमोजिम विद्यालय सञ्चालन भए नभएको हेर्नु र विद्यालयको प्रशासनिक नियन्त्रण गर्नुमात्र थियो (सिन्हा,२०६३) ।

प्रजातन्त्रको उदय पश्चात देशभर विभिन्न स्थानमा विद्यालयहरू खोल्ने लहर बढेपछि ती

विद्यालयहरूको निरीक्षण तथा अनुगमन गर्नका लागि विद्यालय सुपरिवेक्षणको व्यवस्था प्रभावकारी बनाइयो । वि.सं. २०१० सालमा सात ओटा जोन : धनकुटा, जनकपुर, काठमाण्डौ, पोखरा, तौलिहवा, नेपालगञ्ज र डोटीमा स्थापना गरी सात जना जोनल इन्सपेक्टर नियुक्त गरियो । साथै प्रत्येक जोनमा ३ जना सव इन्सपेक्टर को व्यवस्था गरियो । त्यसबेला देखि वृहत विद्यालय निरीक्षण सञ्जाल सिर्जना गरियो । नेपाल राष्ट्रिय शिक्षा आयोग, २०११ को प्रतिवेदनले प्रजातान्त्रिक पद्धति अनुसारको शिक्षा प्रणाली र व्यवस्थापन तथा त्यसलाई दिगो र प्रभावकारी बनाउन अनुकूल किसिमको सुपरिवेक्षण प्रक्रियाको व्यवस्था हुनुपर्ने सिफारिस गरेको थियो । शिक्षा कुनै यन्त्रको जस्तो दर राख्न वा एक निरीक्षकद्धारा जाँच्न सकिने यान्त्रिक सञ्चालन होइन । शिक्षकहरुलाई गतिको दर, कण्ठ गराएका कामको राशि अथवा थान गन्तीको पूर्णता जाँच्ने कर्मी-नाइकेको आवश्यक छैन । उनीहरुलाई त प्रेरणा र बाटो देखाउने मूल चाहिन्छ । अझ, आमाबाबु पाठशालाका सफलताको राम्रो सूची प्राय: दिन्छन् र असल पाठशाला कायम राख्न वास्तविक शक्ति खडा गर्छन् । जिल्ला र प्रादेशिक पर्यवेक्षकहरु शिक्षक र पाठशालाहरुलाई निम्नतम् स्तर स्थिर राख्न मद्धत् हुने बाटो देखाउन सक्छन्, तर पर्यवेक्षणको साँच्चिकै काम उपकारक र मैत्रीपूर्ण पथ-प्रदर्शन स्थानीय तहमा सुयोग्य सहानुभूतिक प्रधानाध्यापकबाट नै राम्ररी हुन सक्छ (शर्मा, २०६१) ।

विद्यालय निरीक्षण व्यवस्था सुदृढ गर्ने क्रममा शिक्षा मन्त्रालयमा वि.सं. २०१८ सालमा निरीक्षण सल्लाहकारको दरबन्दी खडा गरी विदेशमा तालिम प्राप्त निरीक्षण विशेषज्ञलाई नियुक्त गरेको पाइन्छ । शिक्षालाई समयोचित ढंगले विस्तार गर्दै लैजान र शैक्षिक प्रशासन पनि वैज्ञानिक तवरले सञ्चालन गर्नका लागि वि.सं. २०१८ साल वैशाख २५ गतेका दिन १२ सदस्यीय सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको गठन भएको थियो । यसले वि.सं. २०१० सालमा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगका सिफारिसलाई समर्थन गर्दै केही थप सुझाव दिइएको थियो । यसले विद्यालय निरीक्षण प्रणालीलाई प्रबर्द्धन गर्ने कुराको समेत सिफारिस गर्‍यो । यस प्रतिवेदनमा जिल्ला शिक्षा निरीक्षक, अञ्चल शिक्षा अधिकारी र शिक्षा निर्देशक, डाइरेक्टर अफ पब्लिक इन्सट्रक्सन जस्ता पदहरु समाविष्ट छन् (अर्याल, २०६२) ।

शिक्षा प्रशासन र निरीक्षण सम्बन्धमा अनुभव आदान प्रदान गर्न र निरीक्षण व्यवस्थालाई प्रयास भएको पाइन्छ । यस क्रममा वि.सं. २०१९ सालमा युनेस्कोको सहयोगमा डा.एच.बी.उड र ब्रुनो कनालको २ सदस्यीय आयोगले नेपालको शिक्षाका विविध पक्षका बारेमा अध्ययन गरी विभिन्न महत्वपूर्ण सुझाव दिएको थियो । ति मध्ये शिक्षा निर्देशकको मातहतमा पाठ्यक्रम तथा निरीक्षण महाशाखा खडा गर्न सिफारिस गरेको थियो । वि.सं. २०१७ देखि २०२७ सम्मको अवधिभित्र विद्यालयको संख्या द्रुतगतिले

बढ्यो । यसबाट विद्यालयको शिक्षाको गुणस्तरमा प्रतिकुल असर पर्न जाने सम्भावना देखी रोकथाम गर्नका लागि विद्यालय निरीक्षणको अवधारणा जगाउनु पर्ने ठानी जिल्ला शिक्षा निरीक्षकलाई निरीक्षणको आधुनिक प्रशिक्षण दिने व्यवस्था गरियो । परन्तु विद्यालय व्यवस्थापनका कामको भीडले गर्दा निरीक्षकले प्रशिक्षण पाए अनुसार निरीक्षण गर्न सकेनन् । अनि २०२७ सालसम्म निरीक्षण अवधारणाकै रुपमा सिमित रहन पुग्यो । २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिए अनुसार १४ अञ्चलमा माध्यमिक विद्यालय हेर्न अञ्चल शिक्षा अधिकारीको कार्यालय स्थापना गरियो । तत्कालिन २८ वटा जिल्ला निरीक्षक कार्यालय खारेज गरी ७५ जिल्लामा ब्लक डेभलोपमेन्ट अफिसर बि.डि.ओ. कार्यालय अन्तर्गत रहने गरी शिक्षा उप-निरीक्षकहरु नियुक्त गरियो । १४ अञ्चल शिक्षा अधिकारीको व्यवस्था २०२७ सालमा खारेज गरियो । २८ जिल्लाको बि.डि.ओ.लाई समेत खारेज गरि २९ जिल्लामा रा.प.तृतीय श्रेणीका जि.शि.अ. र ४६ जिल्लामा रा.प.अनं.प्रथम श्रेणीका कर्मचारी रहने गरी जिल्ला शिक्षा निरीक्षक कार्यालय नै कायम रहे (अधिकारी, २०६२) ।

२०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यालय सुपरिवेक्षणलाई एउटा शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा स्वीकार गऱ्यो । प्रशासनिक दृष्टिले गुज्रिरहेको निरीक्षण प्रणालीलाई प्राविधिक बनाउने तर्फ प्रयास २०२८ सालको रा.शि.प.यो.ले अगाल्यो । त्यसबेला माध्यमिक विद्यालय निरीक्षक, निम्न माध्यमिक विद्यालय निरीक्षक र प्राथमिक विद्यालय निरीक्षक रहने व्यवस्था थियो । निरीक्षक धेरै शक्तिशाली थियो । विद्यालयको भौतिक साधन, शिक्षकहरुको पर्याप्तता र उपयोगको निरीक्षण गर्ने र पढाईको स्तर मूल्यांकन गर्ने प्रमुख दुई वटा प्रकार तोकिएको यस रा.शि.प.यो.२०२८-२०३२ लागू भएपछि ७५ वटै जिल्ला शिक्षा अधिकारी र प्रत्येक जिल्लाको विद्यालयको संख्याका आधारमा निश्चित संख्यामा प्रा.वि.नि.,नि.मा.वि.नि. र मा.वि.नि. रहने व्यवस्था भयो । २०३० सालमा नि.मा.वि.नि. हटाई मा.वि.नि.र प्रा.वि.नि.मात्र रहने व्यवस्था गरियो । वास्तवमा सैद्धान्तिक तथा व्यवहारिक रुपमा सुपरिवेक्षण कार्यको व्यवस्थित प्रारम्भ चाहिँ रा.शि.प.यो.बाट भएको हो । २०२८ साल पछि नै विद्यालय निरीक्षक अनुपात तोकिनुका साथै पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण केन्द्रको स्थापना भई निरीक्षण सम्बन्धी कामलाई तीब्रता दिइयो । रा.शि.प.यो.ले तोकेको विद्यालय निरीक्षक अनुपातमा उपत्यका र तराईमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिकमा क्रमशः १:३०, १:१५ र १:१० तथा पहाडमा १:२०, १:१० र १:७ एवं माध्यमिक विद्यालयमा एकजना व्यावसायिक र एक जना साधारण निरीक्षक रहने व्यवस्था थियो । २०३७ सालमा नेपालको शैक्षिक निरीक्षणको विषयमा यूनेस्कोको आइआइपी भन्ने संस्थाले पनि अध्ययन गरी प्रतिवेदन पेश गरेको थियो । २०३७ सालमै निरीक्षण एकाइ परियोजना समेत लागू भयो । तर केन्द्रीय स्तरका शिक्षा प्रशासकहरुको उदासिनता, शिक्षा कार्यालय एवं

विद्यालयहरुबीच समन्वयको कमी तथा निरीक्षकको विद्यालय शिक्षामा व्यावसायिक दक्षताको कमीको कारण उक्त परियोजनाले २०४०/०४१ भन्दा पछि निरन्तरता पाउन सकेन । रा.शि.प.यो.२०२८ ले निरीक्षण प्रक्रियालाई व्यवस्थित बनाउन खोजेको देखिन्छ । व्यवहारमा जे जस्तो रुपमा लागू भए पनि योजनाको दस्तावेजले निरीक्षण प्रणालीलाई निकै सुदृढ बनाउने प्रयास गरेको पाइन्छ । यसले तहगत र व्यावसायिक निरीक्षणको व्यवस्था गर्नुका साथै निरीक्षण कार्य प्रक्रियालाई समते स्पष्ट पार्ने व्यवस्था गरेको पाइन्छ । वि.सं. २०३८ सालदेखि सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको डोटी जिल्लाबाट ग्रामीण विकासका निमित्त शिक्षा परियोजना (सेती प्रोजेक्ट) यूनेस्कोको सहयोगमा सञ्चालन गरिएको र उक्त परियोजनाले १०/१२ वटा विद्यालयलाई एउटा स्रोतकेन्द्रको रुपमा खडा गरी ती केन्द्रहरुबाट स्याटेलाइट स्कूलहरुमा बराबर निरीक्षण गर्ने परिपाटीको शरुवात गऱ्यो । वि.सं. २०४१ सालदेखि प्राथमिक शिक्षा परियोजना, २०४३ सालमा विज्ञान शिक्षा परियोजना र माध्यमिक शिक्षा परियोजना एवं २०४५ देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाहरुले पनि निरीक्षण प्रक्रियालाई सुदृढ बनाउन विभिन्न प्रयास गरेका छन् । पटक पटकको आन्दोलन तथा २०४६ सालको जनआन्दोलन र त्यसबाट पुनःस्थापित प्रजातन्त्र पश्चात मुलुकले नयाँ आयाम लियो । विगतको निरीक्षण प्रणालीले हाम्रा शिक्षकहरूको आवश्यकता र शिक्षाको गुणस्तरलाई पूरा गर्न सकेन (राष्ट्रिय शिक्षा आयोग, २०४९) । त्यसैले राष्ट्रिय शिक्षा आयोग, २०४९ ले शिक्षा मन्त्रालयको संरचनामा परिवर्तन गरी निरीक्षकहरूको सङ्ख्या बढाउन सिफारिस गऱ्यो । यसलाई लागू गर्ने सन्दर्भमा धेरै विद्यालय निरीक्षकहरू नियुक्त भए । सोही समयमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पनि देशका केही जिल्लाहरूमा लागू भैरहेको थियो । तिनीहरूको काम पनि विद्यालय सुपरिवेक्षण गर्नु नै थियो ।

रा.शि.आ., २०४९ को सिफारिशको आधारमा विद्यालय निरीक्षण बढी गुणात्मक बनाउने उद्देश्यले अधिकृतस्तरको मात्र निरीक्षक रहने व्यवस्था गरेको छ । यसरी २०५० साउनदेखि जिल्ला निरीक्षणको अनुपात करिव १:७ तथा निरीक्षक र विद्यालयको अनुपात १:४० कायम गरेको देखिन्छ । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम पनि सन् २००४ मा समाप्त भई “सबैका लागि शिक्षा” (EFA, 2005-2009) देशभर लागू भयो । यसले पनि आ.प्रा.शि.प.का पालादेखि लागू गरिएको स्रोतव्यक्तिको अवधारणालाई निरन्तरता दिइएको छ । विद्यालय सङ्ख्याको आधारमा समूह विद्यालयहरू (Cluster) बनाई हरेक क्लस्टरमा एकजना स्रोतव्यक्ति रहने व्यवस्था गरिएको थियो । सवैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, शिक्षक सुधार योजना जस्ता परियोजनाहरूको एकीकृत रूपमा विद्यालय सुधार कार्यक्रम लागू भएको छ । यसले पनि सवैका लागि शिक्षा कार्यक्रमको निरन्तरता जस्तै देशभर १०९१ ओटा यस्ता क्लस्टरहरूमा स्रोतव्यक्ति रहने व्यवस्था गरेको छ । माध्यमिक शिक्षा सहयोग

कार्यक्रम (२००२-२००७) ले विद्यालयको प्रभावकारी सुपरिवेक्षणका लागि विद्यालय निरीक्षणालयको स्थापना गरी केही सकारात्मक कार्य गरे तापनि त्यसबाट पनि ठोस सहयोग भने हुन सकेन । हाल विद्यालय संख्याको आधारमा विद्यालय निरीक्षकका दरबन्दी अत्यन्त न्यून रहेको अवस्था छ । हाल ७५ जिल्ला शिक्षा कार्यालयहरुमा जम्मा ४१७ जना विद्यालय निरीक्षकहरु कार्यरत रहेका छन् भने विद्यालय संख्या ३२५१६ पुगिसकेको अवस्था छ । सर्सर्ती हेर्दा एकजना विद्यालय निरीक्षकको भागमा ७८ वटा विद्यालय पर्न आउँछ । यो बृहत विद्यालय संख्या, सिमित विद्यालय निरीक्षक र वर्तमान शिक्षा ऐन नियमले तोकेको विद्यालय निरीक्षकको काम कर्तव्य र अधिकारको बीचमा ठूलो खाडल पैदा गरेको छ । त्यसकारण हाल लागू भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत अनुगमन तथा मूल्यांकनको मुख्य उद्धेश्य वि.क्षे.सु.यो.ले निर्दिष्ट गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्धेश्य अनुरुपका उपलब्धीहरु पत्ता लगाई ती सूचनाका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी सेवा प्रवाहमा सुधार गर्ने मुख्य उद्धेश्यलाई पूरा गर्न तीनवटा कार्यहरु : ऐन नियम अनुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्धेश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्धेश्य तथा लक्ष्यमा भएको रणनीतिगत तथा नीतिगत प्रभावको मूल्यांकन समेत गर्नका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र, एजुकेशन रिभ्यू अफिस (ERO) खोली विद्यालय सुपरिवेक्षण कार्यलाई अझ प्रभावकारी तुल्याउने सोच लिएको छ (शिक्षा मन्त्रालय, २०६६) । यसै सिलसिलामा शिक्षा मन्त्रालयमा एउटा छुट्टै एकाईको रुपमा एजुकेशन रिभ्यू अफिस (ERO) को स्थापना भई विभिन्न कार्यक्रम सञ्चालनमा आइरहेको छ ।

सम्पूर्ण शैक्षिक क्रियाकलापहरूको बारेमा अध्ययन अवलोकन गर्नु, जाँचबुझ गर्नु र सही निकास खोज्नु, कुशल एवम् सही नेतृत्व निर्माण गर्नु, पथ प्रदर्शन गर्नु भनौ सम्पूर्ण शैक्षिक पक्षको विकास, बिस्तार र सुधार गर्ने कार्य शैक्षिक सुपरिवेक्षणले गर्दछ । सुपरिवेक्षणको प्रमुख उद्देश्य शिक्षण सिकाइ कार्यमा सुधार ल्याउनु हो भन्न सकिन्छ । शिक्षकले के पढाउँदै छ, कसरी पढाउँदै छ, उसको अध्यापनले विद्यार्थीमा केकस्तो प्रभाव पारेको छ, शिक्षण सिकाइ प्रक्रियामा के कस्तो समस्याहरू आएको छ, यसको गहन अध्ययन, अवलोकन गर्ने र सोको समाधान गर्नु नै शैक्षिक सुपरिवेक्षण हो । गुडका अनुसार निरीक्षणले मूलतः तीन ओटा क्रियाकलापलाई बोध गराउँछ- पहिलो, शिक्षण सुधारका निमित्त शिक्षक तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई नेतृत्व प्रदान गर्नु, दोस्रो, शिक्षकहरूको व्यावसायिक बृद्धि तथा विकासलाई अभिप्रेरित गर्नु र तेस्रो शैक्षणिक उद्देश्य, सामग्री तथा शिक्षण विधिको संशोधन, छनोट र परिस्कार गर्नु हो, (काफ्ले तथा अन्य २०६१) । यसरी हेर्दा विद्यालयमा प्रभावकारिता ल्याउन विद्यालय सुपरिवेक्षणको ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले शिक्षकहरूको ज्ञान, सीप र पेसाप्रतिको प्रतिबद्धतामा महत्वपूर्ण भूमिका खेल्छन् । एउटा दक्ष, जान्ने, कर्तव्यपरायण, सक्रिय र नियमित सुपरिवेक्षण गर्ने सुपरिवेक्षकले शिक्षकलाई प्राविधिकरूपले सहयोग गर्न सक्ने हुन आवश्यक छ । अहिलेको परिवेशमा पाठ्यक्रमिक गतिविधिका लागि सुपरिवेक्षकलाई एउटा महत्वपूर्ण पक्षकोरूपमा स्वीकार गरिएको छ । शिक्षा मन्त्रालय र मातहतका संस्थाको संस्थागत क्षमता पहिचान गर्ने सम्वन्धमा (विष्ट, १९७९), को एक अध्ययनले ४५ प्रतिशत निरीक्षक निरीक्षणमा कहिल्यै विद्यालय नपुग्ने गरेको, कुलमा २१ प्रतिशत निरीक्षक मात्रै बर्षमा एकपटक विद्यालयमा जाने गरेको तथा २ प्रतिशतले मात्रै बर्षको ६ पटक निरीक्षण गर्ने गरेको तथ्य औंल्याएका छन् (अधिकारी, २०६४) ।

माथि उल्लिखित विभिन्न समयमा विभिन्न पद, नाम र कार्य विवरण तयार भई विद्यालय सुपरिवेक्षण भए तापनि ती सबैको एउटै उद्धेश्य भनेको विद्यालयको शैक्षिक स्थितिलाई सुधार गर्नु नै थियो र छ । यस अवस्थामा नेपालका विभिन्न जिल्लाहरूमा विभिन्न तरिकाले विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण भएको पाइन्छ ।

## १.२ समस्याको कथन

हाल नेपालमा सुपरिवेक्षण व्यवस्थालाई प्रभावकारी एवम् व्यापक रूपमा लैजानका लागि केन्द्रीय तहदेखि विद्यालय तहसम्म बिद्यालय निरीक्षण, अनुगमन एवम् सुपरिवेक्षणको एउटा सञ्जालकै व्यवस्था छ । शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालयका पदाधिकारीहरू, जि. शि. अ., वि. नि., स्रोतव्यक्ति, प्र.अ., वि. व्य. स. पदाधिकारीहरूसमेत यस सञ्जालभित्र पर्दछन् । यति ठूलो सुपरिवेक्षणको सञ्जाल भएर पनि सन्तोषजनक ढङ्गबाट विद्यालय निरीक्षण, अनुगमन भएको छैन भन्ने विषयमा हालसम्म अनुसन्धान कम भएकाले सिन्धुपाल्चोक जिल्लाको सुपरिवेक्षणको प्रभावकारिकताको स्थिति कस्तो रहेछ भन्नेबारेमा सोधखोज गर्ने जमार्को गरिएको छ ।

विद्यालय सुपरिवेक्षणमा कमजोरी छ, विद्यालय निरीक्षकले विद्यालयको सुपरिवेक्षण तोकिएबमोजिम गर्दैनन्, विद्यालय निरीक्षकले दिएको विद्यालय निरीक्षणको प्रतिवेदनमाथि जि.शि.अ.ले खास चासो दिने नगरेको भन्ने जस्ता आम लाञ्छनाहरू विद्यालय निरीक्षक र जि.शि.अ.लाई लगाइने गरकाले यस कुरालाई मध्यनजर राख्दै बास्तविकता के हो भन्ने ठहर निकाल्न यस विषयमा जरूरी भएको, विद्यालय निरीक्षण गर्नका लागि नेपाल सरकारले प्रत्येक जिल्लामा जिल्लाको वर्गका आधारमा ४ जना देखि १४ जनासम्म शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको वि.नि. रहने व्यवस्था गरेको र

तिनका काम, कर्तव्य र अधिकार शिक्षा नियमावलीमा तोकिएको र तिनका अतिरिक्त १०९२ स्रोत केन्द्रमा स्रोतव्यक्ति रहने व्यवस्था गरी शिक्षाको गुणस्तर सुधार गर्ने व्यवस्था भएको छ।

यसप्रकारको व्यवस्थाका लागि सुगम तथा दुर्गम क्षेत्रमा के कस्तो अवस्था रहेको छ भनी अनुसन्धान हुनु जरूरी रहेका बेलामा नै यस्तै प्रकारको अनुसन्धान तराईको जिल्ला सुनसरीमा र उपत्यकामा भक्तपूर जिल्लाको एक अध्ययन समेतलाई ध्यानमा राखि राजधानी नजिकको पहाडी जिल्लामा हालसम्म यस्तो किसिमको अनुसन्धान नभएको हुँदा त्यस जिल्लाको सुपरिवेक्षण अवस्था कस्तो छ भनी अनुसन्धान गर्न यस शोधकर्ताले आवश्यक ठानेकोले विद्यालयको सुपरिवेक्षणको अवस्था पहिचान गरी विद्यालय सुपरीवेक्षणमा देखिएका समस्याहरू पत्ता लगाउन र ती समस्याहरूको निराकरणका उपायहरू पत्तालगाई तीनको समाधान गर्ने तरिकाको बारेमा सरोकारवालाहरू सवैलाई जानकारी दिन आवश्यक भएकाले यो अध्ययन गरिएको छ।

## १.३ अध्ययनको औचित्य

शैक्षिक प्रशासन व्यवस्था अत्याधिक केन्द्रिकृत हुनु, साविक निरीक्षण दरवन्दी र बढ्दो विद्यालय संख्याले गर्दा निरीक्षण विद्यालय अनुपात नियमावलीले तोकेको भन्दा बढी हुनु, निरीक्षकहरू आफ्नो पदीय जिम्मेवारी र दायित्वबाट पन्छन खोज्नु, प्रशासकीय काममा ब्यस्त रहनु, स्रोत र सामग्रीको न्यूनता जस्ता पक्षहरूमा सुधार नल्याई सुपरिवेक्षणमा सुधार ल्याउन सकिने अवस्था देखिदैन, यसकारण यस्ता पक्षहरूको सुधार गर्न पनि यो अध्ययन आवश्यक देखिन्छ।

गुणस्तरीय शिक्षा समयको माग हो, त्यसैले गुणस्तरीय शिक्षा प्रदान गर्नु विद्यालयको एकमात्र अभीष्ट हो । यसका लागि शिक्षण विधि र सीपमा तालिम प्राप्त र सिर्जनशील शिक्षकको जरूरत पर्दछ । शिक्षकलाई पेसागत सीप, सल्लाह र सुझाव दिई सहयोग गर्नका लागि त्यस किसिमको प्राविधिक सेवा प्रदान गर्नसक्ने सुपरिवेक्षकको जरूरत हुन्छ । शिक्षकलाई आवश्यक पर्ने पेशागत र प्राविधिक सहयोग विद्यालय निरीक्षक र स्रोत व्यक्तिले गर्नुपर्नेमा विद्यालयको अनुगमन तथा सुपरिवेक्षण कम भएको भन्ने सन्दर्भमा सुपरिवेक्षण पद्धतिको अनुसन्धान गरी देखिएका समस्या तथा अवरोधहरूको पहिचान गरी न्यूनीकरण गर्ने उपायहरू पत्ता लगाउनु यस अध्ययनको मुख्य अभिप्राय हो । यी उपायहरू नीति निर्मातादेखि लिएर शिक्षा अनुसन्धानकर्ता, शिक्षाविद्, अभिभावक तथा विद्यालयसँग सम्बन्धित सबै सरोकारवालाहरू खासगरी विद्यालय, समुदाय, विद्यार्थी, शिक्षक र थप अनुसन्धान गर्नेहरूका लागि उपयोगी हुने भएकाले यो अध्ययनको औचित्य रहेको छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

१. विद्यालयको सुपरिवेक्षणको अवस्था पहिचान गर्ने,

२. विद्यालयको सुपरिवेक्षणको कार्यनीति तथा रणनीतिको विश्लेषण गर्ने र

३. विद्यालय सुपरीवेक्षण गर्दा देखिएका समस्याहरू पत्ता लगाई निराकरणका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

माथिका उद्देश्यहरू पुरा गर्नका लागि निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. विद्यालय सुपरिवेक्षणको पृष्ठभूमी कस्तो छ ?

२. विद्यालयको वर्तमान सुपरिवेक्षण अवस्था कस्तो छ ?

३. विद्यालय सुपरिवेक्षण प्रभावकारी बनाउन खेल्नु पर्ने भूमिकाहरू के हुन् ?

४. विद्यालय सुपरिवेक्षणले शैक्षिक क्षेत्रमा कस्तो सुधार ल्याएको छ ?

५. विद्यालय सुपरिवेक्षणका सम्बन्धमा सरकारका कार्यनीति तथा रणनीतिहरू के कस्ता छन् ?

६. विद्यालयको सुपरिवेक्षणमा कस्ता समस्याहरू देखिएका छन् ?

७. विद्यालयको सुपरिवेक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानले जति धेरै क्षेत्रलाई समेट्न सक्यो त्यसको विश्वसनीयता र वैधताको स्तर पनि त्यति नै उच्च रहन्छ तर सीमित स्रोत, साधन र समयका कारण त्यसलाई व्यापक बनाउन कठीन हुन्छ । समय, साधन र स्रोतको सीमितताको कारण एवं भौगोलिक विकटताले गर्दा सिन्धुपाल्चोक जिल्लाका तीन वटा स्रोतकेन्द्रका प्रा.वि. तीनवटा, नि.मा.वि.तीनवटा र मा.वि. तीनवटा गरि नौ वटा सामुदायिक विद्यालयहरुको शै.स.२०६७ को तथ्यांक तथा जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोकको शै.स. २०६७ को निरीक्षण/सुपरिवेक्षणलाई आधारमानि अध्ययन गरिएको छ । यस अध्ययनमा खास गरी वर्तमान शिक्षा ऐन नियम, दस्तावेज, सरकारी परिपत्र एवं शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरुको नीति नियमको विश्लेषण तथा शिक्षक, विद्यार्थी र अभिभावकहरु समेतको संलग्नतामा विद्यालयको अवस्था, सुपरिवेक्षकले अवलम्बन गरेको सुपरिवेक्षणीय शैली, क्रियाकलाप, सुपरिवेक्षकले भोगेको समस्याहरूका

बारेमा यो अध्ययन केन्द्रीत गरिएको छ । सिन्धुपाल्चोक जिल्लाका तीन वटा स्रोतकेन्द्रलाई मात्र आधार बनाई गरिएको यस अध्ययनलाई अन्यत्र सामान्यीकरण गर्न सकिन्न ।

## १.७ परिभाषा र व्याख्या

| | | |
|---|---|---|
| जिल्ला शिक्षा अधिकारी | : | निजामती सेवा अन्तर्गत शिक्षा सेवाका राजपत्रांकित द्वितीय श्रेणीको जिल्लाको शैक्षिक नेतृत्व प्रदान गर्न खटिएका जिल्ला शिक्षा कार्यालयको प्रमुख |
| विद्यालय निरीक्षक | : | जिल्ला शिक्षा कार्यालयमा रहने निजामती सेवा अन्तर्गत शिक्षा सेवाका राजपत्रांकित तृतीय श्रेणीका कर्मचारी जो विद्यालय तहको शैक्षिक गतिविधिमा प्रत्यक्ष संलग्न रहने व्यक्ति |
| निरीक्षण | : | कुनै पनि कुराको सामान्य अध्ययन |
| सुपरिवेक्षण | : | कुनै पनि कुराको गहनतम अध्ययन |
| शैक्षिक सुपरिवेक्षण | : | शिक्षा तथा शैक्षिक क्षेत्रको गहनतम अध्ययन |
| गुणस्तरीय शिक्षा | : | जीवनलाई सहज र सरल बनाउने व्यवहारिक शिक्षा |
| सामाजिक शिक्षा | : | मानव समाजको संगठन, विकास तथा मानिसलाई एक सामाजिक प्राणीका रुपमा अध्ययन अध्यापन गराउने विषय |
| शैक्षिक सामग्री | : | शैक्षिक क्रियाकलापलाई सरल, रुचीकर, बनाइ पठनपाठन गर्न गराउन सहयोग गर्ने साधन |
| शिक्षण विधि | : | शैक्षणिक कार्यलाई प्रभावकारी बनाउन अपनाइने तरिका |
| पाठ्यक्रम | : | शैक्षिक उद्धेश्य प्राप्तिका लागि बनाइएको बृहत कार्यक्रम |
| पाठ्यपुस्तक | : | पाठ्यक्रमले निर्दिष्ट गरेका उद्धेश्यहरु परिपूर्ती हुने गरि पठनपाठनका लागि तयार गरिएको पुस्तक |
| स्रोतकेन्द्र | : | १० देखि १५ वटा सम्म विद्यालयको एक समूह बनाई निरीक्षण, तालिम तथा अन्य शैक्षिक प्रक्रियालाई प्रभावकारी बनाउन प्रत्येक जिल्ला शिक्षा कार्यालय अन्तर्गत गठन भएका केन्द्र |

| | | |
|---|---|---|
| स्रोतव्यक्ति | : | स्रोतकेन्द्रमा रहने माध्यमिक तहमा कम्तिमा ५ बर्ष स्थायी सेवा गरेका शिक्षक मध्येबाट जि.शि.का.ले नियुक्ति गरेको व्यक्ति |
| वि.व्य.स. | : | विद्यालयको विकासको लागि शिक्षा ऐन २०२८ अनुसार गठन हुने प्रत्येक विद्यालयको समिति |
| वि.व्य.स.को अध्यक्ष | : | विद्यालयको विकासको लागि गठन हुने समितिमा विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएको व्यक्ति |

# परिच्छेद : दुई

## अध्ययनको सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तरतह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गरिएको शोध पत्र "विद्यालयमा आधारित सुपरिवेक्षण" सँग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ । यसका लागि निम्नलिखित साहित्यहरूको विश्लेषण गरिएको छ ।

वाग्ले (२०५६) द्धारा लिखित विद्यालय शिक्षा : समस्या र समाधान लेखमा शिक्षाको गुणस्तर उकास्न बेलाबेलामा पाठ्यक्रम-पाठ्यपुस्तकमा सुधार, तालिमको व्यवस्था, विद्यालय निरीक्षणको व्यवस्था तथा अन्य शैक्षिक तथा प्रशासनिक सहयोगहरु पनि उपलब्ध गराउने प्रयास गरिएको पाइन्छ तर पनि प्राथमिक शिक्षाको गुणस्त बढ्न सकेको छैन र निकट भविष्यमा यो बढ्छ भनेर भन्न सकिने ठाऊँ पनि छैन भन्दै यसको प्रमुख नौ वटा कारणहरु मध्ये सुपरिवेक्षणलाई निरीक्षकको जिम्मेवारी शीर्षकमा निरीक्षकको संख्या गएको पाँच बर्षभित्र निकै बृद्धि गरिएको छ । माध्यमिक विद्यालय निरीक्षकको सट्टा विद्यालय निरीक्षकको पद कायम भएको छ र एउटा निरीक्षकले प्राथमिकदेखि माध्यमिकसम्म हेर्ने अधिकार पनि पाएको छ । अझ आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका जिल्लामा त स्रोत व्यक्तिको पनि नियुक्ति भएको छ । निरीक्षकको संख्यामा यत्रो वृद्धि भएतापनि विद्यालय निरीक्षण भने प्रायः शून्य छ ( १:८ पटक प्रति विद्यालय प्रति बर्ष, चिराग १९९६) क्षेत्र तोकेर निरीक्षक खटाइएको भए पनि निरीक्षक विद्यालय जाँदैनन् । उनहिरु के गर्छन् त ? पहिलो कुरा त उनीहरु जागीर खान्छन्, त्यसपछि के गर्छन् भन्ने कुरा यस कार्यपत्रको दायरा भित्र नपर्ला भनि उल्लेख गरेका छन् । कतिपय विद्यालयहरुले आफ्नो निरीक्षक चिनेको छैन । चिनेका विद्यालयहरुले पनि एक बर्षमा कति पटक निरीक्षकको परिवर्तन हुने हो, ठम्याउन सकिरहेका छैनन् । सुपरिवेक्षण हाम्रो शिक्षा पद्धतिमा किताबी अङ्ग मात्र बनेको छ । यसमा जतिसुकै लगानी गरिएको भए तापनि विद्यालय निरीक्षकबाट केही पनि सहयोग प्राप्त गर्न सकेको छैन भनि समस्या औल्याईं शिक्षण कार्यको अनुगमनको अभाव भएकोले नै यो समस्या उत्पन्न भएको हो भन्दै समाधानको उपाय समेत सुझाएका छन् ।

जिल्ला शिक्षा कार्यालयको असक्षम व्यवस्थापन र निरीक्षकहरुको जिम्मेवारी बोधको अभाव यसका उपज हुन् । जिल्ला शिक्षा कायालयबाट सबै विद्यालयमा अनुगमन गर्न सकिने कुरामा विश्वस्त गर्न सकिन्न । त्यसैले स्थानीय तहमा नै अनुगमनको जिम्मेवारी दिइनु पर्दछ । हाल विद्यामान सञ्चालक समिति वा विद्यालय व्यवस्थापन समिति राजनैतिक कारणले उपयोगी हुन सकेका छैनन् । जबसम्म समुदायलाई विद्यालय रेखदेखको जिम्मा दिईंदैंन तबसम्म शिक्षा सरकारी हुन्छ र जिम्मेवारी पनि सरकारी मान्ने प्रचलनमा परिवर्तन हुँदैन । यसको लागि प्रत्येक गा.वि.स./न.पा.भित्र प्रत्येक वडामा निष्पक्ष रुपमा एउटा समिति गठन गरिनु पर्दछ, जसमा शिक्षा प्राप्त गरेका र शिक्षा प्रति रुची भएका मानिसहरुलाई सदस्य बनाइनु पर्दछ । विद्यालयको प्रशासनिक सुपरिवेक्षणको जिम्मा उक्त समितिलाई दिइनु पर्दछ । विद्यालय खुल्छ-खुल्दैन, विद्यार्थी आउँछन्-आउँदैनन् शिक्षकको उपस्थिति छ-छैन, शिक्षकले पढाउँछन्-पढाउँदैनन्, जस्ता अति साधारण तर महत्वपूर्ण कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने र उक्त अभिलेखलाई जिल्लाको शिक्षा हेर्ने निकायमा पठाउने र त्यसमा तत्काल कार्यवाही गर्ने व्यवस्था हुने हो भने अहिले शिक्षामा देखा परेका ८० प्रतिशत विकृति समाधान हुने विश्वास लिन सकिन्छ ( वाग्ले, २०५६) ।

खनाल (सन् २००५) द्वारा नेपालको वर्तमान सुपरिवेक्षणका समस्या एवम् समाधानको प्रकृति र बारम्बारता पत्ता लगाउनु, प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले सुपरिवेक्षणमा खेलेको भूमिका पत्ता लगाउनु, विद्यालय सुपरिवेक्षण प्रति प्र. अ. र शिक्षकहरूका धारणा पत्तालगाउनु, प्रभावकारी सुपरिवेक्षणका समस्याहरूको पहिचान गर्नु अध्ययनको उद्देश्य रहेको पाइयो । विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूले प्रायः गरेर प्रशासनिक निरीक्षण गर्ने गरेको तथा उनीहरूमा विषयवस्तुसम्बन्धी ज्ञान र सीपसमेत कमजोर रहेको, विद्यालय सुपरिवेक्षणको बारम्वारता न्यून रहनु र नियमले तोकेजति पनि निरीक्षण गर्ने नगरेको, विद्यालय सुपरिवेक्षण खास गरेर शिक्षकको उपस्थिति र भौतिक सुविधाको बारेमा मात्र केन्द्रित रहेको साथै सुपरिवेक्षकसँग कुनै राम्रो सुपरिवेक्षण योजना हुने नगरेको, वि.नि र स्रोतव्यक्तिको आवश्यकता छ भन्ने धारणा प्र.अ., व्यवस्थापन समितिका सदस्य र शिक्षकहरूको भूमिकालाई महत्वपूर्ण किसिमले उठाएका छन् (खनाल, २००५) ।

विद्यालय सुपरिवेक्षण स्रोतसामग्री (२०५५), नामक पुस्तक आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, स्रोतकेन्द्र विकास एकाइ, सानोठिमी भक्तपूरको एउटा झलक हो । यसले शैक्षिक सूचक, योजना, संरचना, नियम कानुनको विश्लेषणात्मक अध्ययन गरेको छ । यो पुस्तक खास गरेर विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति जो शिक्षाको सुपरिवेक्षण सम्बन्धी कार्यमा संलग्न छन् तिनीहरूका लागि तयार

गरिएको हो । यसबाहेक यो पुस्तक शिक्षा क्षेत्रका अन्य कर्मचारी, शिक्षक, विद्यार्थी तथा अन्य व्यक्तिहरूका लागि पनि उपयोगी सामग्रीका रूपमा रहेको छ । यस पुस्तकले पाठकको ज्ञान तथा सीपलाई निखार्न सहयोग गर्न सक्छ । यस पुस्तकमा विद्यालय निरीक्षक र स्रोतव्यक्तिका काम, कर्तव्य र विद्यालय सुपरिवेक्षणका तरिकाहरू, यसको ऐतिहासिक अवस्था आदि समेटेकाले यस अध्ययनमा विद्यालय सुपरिवेक्षण कसरी गर्ने, कस्ता साधनहरू प्रयोग गर्ने आदि यकिन गर्नका लागि यो उपयोगी सामग्रीको रूपमा लिएको छ (आ.प्रा.शि.प., २०५५) ।

अर्याल, (२०६२) ले निरीक्षणलाई एउटा पद्धतिको रुपमा लिएको पाइन्छ । जसमा सहयोगात्मक, सुधारात्मक, समन्वयात्मक, अनुसन्धानात्मक र मनोवैज्ञानिक पद्धतिको निरीक्षणलाई लिइएको र परम्परागत चिन्तन अनुसार निरीक्षण मूल्यांकन, प्रशासन र निरीक्षण पद्धतिमा आधारित थियो । डु अर डाई मा आधारित निरीषणले काम गराउने मान्यता अनुरुप गऱ्यो गरेन, नगरेमा सजाय हुन्थ्यो, काम गर्नेको रुची र आवश्यकतामा ख्याल थिएन । शैक्षिक निरीक्षण शिक्षकको काम गराईमा सीमित थियो । विद्यालय निरीक्षक सिद्धान्ततः प्राविधिक कार्य हो । विद्यालयस्तरीय हरेक प्रयत्नहरुमा आईपर्ने चुनौतीहरुको ज्ञान तथा सीपयुक्त प्रक्रियाहरुबाट सामना गरी समग्रमा शिक्षामा गुणस्तर र सक्षमता बृद्धिमा सघाउ पुऱ्याउनु नै निरीक्षणको प्राविधिक मर्म हो । सामुदायिक सचेतना र सहभागिता बालबालिकाको संलग्नता र शिक्षक, व्यवस्थापकहरु सक्षम, जिम्मेवार र उत्तरदायित्वपूर्ण वातावरणको सृजनाबाट मात्र शिक्षाको उद्धेश्य प्राप्ति हुन सक्ने कुरा निर्विवाद छ । यसका लागि शिक्षा ऐन, नियम, नीति निर्देशनको नियमित र समझदारीपूर्ण कार्यान्वयन पक्ष एकातिर छ भने पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन पक्ष अर्कोतिर छ । पहिलो पक्ष प्रशासनिक र दोस्रो पक्ष प्राविधिक हो । दुवै पक्षको कार्यान्वयन तहमा आवश्यक निगरानी, लेखाजोखा र अप्ठेरोमा हातेमालो गर्नु विद्यालय निरीक्षकको कर्तव्य र जिम्मेवारीभित्र पर्दछ । शब्दावलीको प्रयोगमा निरीक्षक प्रशासक प्रकृतिको हुने सुपरिवेक्षक प्राविधिक प्रकृतिको हुने भनि सीमारेखा कोरिएबाट विद्यालय निरीक्षकलाई सुपरिवेक्षकको रुपमा परिचित गराउने कोशिश गरिएको गरिएको छ जसबाट प्राविधिक कार्यमा पूर्णतः संलग्न रहनुपर्ने मानयता विकसित हुँदै आएको छ । सुपरिवेक्षणको नविनतम अवधारणा अन्तर्गत उपचारात्मक सुपरिवेक्षण अत्युत्तम ठहरिएको र अनुसन्धानात्मक प्राप्तिले विद्यालय निरीक्षक सीप, ज्ञान र व्यवहारमा अझ बढी प्राविधिक पक्ष तर्फ उन्मुख हुनुपर्ने भएको छ ।

विद्यालय निरीक्षकहरुको कार्य प्रक्रियागत समस्याहरु केलाउँदा अझै जटिलता देखिन्छ । कार्यालयमा हाजिर भई बस्न एकातिर नियम, कानून र पेशागत जिम्मेवारीले नमिल्ने, अर्कोतिर जिल्ला शिक्षा

अधिकारी र शाखा अधिकृतहरुमा आफैं सरहका कर्मचारीहरुलाई कार्यालयको आर्थिक एवं नीतिगत र व्यवहारिक पक्ष देखाउनु कि नदेखाउनुको अप्ठेरो हुने, देखाएमा ठूलो समूहमा भागवण्डा गर्नुपर्ने, कतिपय आफ्ना व्यक्तिगत गोप्यताहरु भंग हुने डर हुने, विद्यालय निरीक्षक सबैको आधार पद हो भन्ने कुरा बिर्सने परिपाटीले थप समस्या देखिइरहेको छ ।

बुढाथोकी (२०६१) ले तयार गर्नु भएको "A Comparative Study of Schools Supervision in Morang and Sunsari Districts" नामक शोधपत्रमा विद्यालय निरीक्षणका क्रममा देखिएका समस्याहरूलाई समाधान गर्न विद्यालय निरीक्षकलाई फिल्ड भत्तालगायतका अन्य सुविधामा बृद्धि गर्नुपर्ने, वि.नि.ले दिएको प्रतिवेदनलाई जि.शि.अ.ले कार्यान्वयन गर्नुपर्ने, वि.नि.लाई समयसमयमा तालिमको व्यवस्था गर्नुपर्ने, वि.नि.को शैक्षिक योग्यता बद्धि गर्नुपर्ने, सामुहिक विद्यालय निरीक्षण प्रणालीलाई बढावा दिनुपर्ने, दण्ड र पुरस्कारको उचित मूल्यांकन हुनुपर्ने, विद्यालय निरीक्षक अनुपात बैज्ञानिक बनाउनु पर्ने जस्ता वहाँले सुझाउनु भएका उपायहरूलाई अवलम्बन गर्न सके भावी दिनहरूमा विद्यालय सुपरिवेक्षणको क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुग्न सक्छ ।

त्यसैगरि यसमा मोरङ तथा सुनसरीमा कार्यरत विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूको नियमितता र प्रकृति पत्ता लगाउनु, विद्यालय व्यवस्थापन समिति तथा प्र.अ. ले खेलेको सुपरिवेक्षणसम्बन्धी भूमिकाको खोजी गर्नु, विद्यालय सुपरिवेक्षकप्रति शिक्षक, प्र.अ. र व्यवस्थापन समितिका सदस्यहरूको धारणा पत्तालगाउनु, प्रभावकारी विद्यालय सुपरिवेक्षण तथा त्यसका समस्या र समाधानका उपायहरूको खोजी गर्नु जस्ता उद्देश्य रहेका थिए । यस अध्ययनबाट सोधकर्ताले वि.नि तथा स्रोतव्यक्तिहरूलाई पेसागत हिसाबले राम्रो र सुपरिवेक्षणमा दक्ष बनाउनु आवश्यक रहेको, मागमा आधारित सुपरिवेक्षणलाई विद्यालयहरूमा परिचित गराउन पर्ने, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शिक्षक र व्यवस्थापन समितिलाई तिनीहरूको कर्तव्यप्रति जिम्मेवार बनाउनु पर्ने उल्लेख छ । साथै विद्यालय निरीक्षक, स्रोतव्यक्तिलाई बढी प्रशासनिक अधिकार दिइनु पर्छ, क्षेत्र (फिल्ड) मा काम गर्ने कामदार ( वि.नि., स्रोतव्यक्ति) हरूलाई सुबिधा बढाउन आवश्यक छ, वि.नि तथा स्रोतव्यक्तिको शैक्षिक योग्यता पनि बढाउन जरूरी छ । सबै सुपरिवेक्षकहरूलाई उनीहरूको कार्यसम्पादनका आधारमा बिना भेदभाव पुरस्कार तथा दण्डको व्यवस्था गरिनुपर्छ, समान तहका कर्मचारीहरूलाई समान कार्य अवसर दिइनु पर्छ ।

स्रोतव्यक्ति नियुक्ति गर्ने वर्तमान परिपाटीलाई खारेज गरी शुद्ध परीक्षाको माध्यमबाट जिल्ला शिक्षा कार्यालयले स्रोतव्यक्तिको छनोट गरी नियुक्ति गर्ने व्यवस्था गर्नुपर्छ, शैक्षणिक योजना तथा

सामग्रीहरूको निर्माण गर्दा वि.नि. र स्रोतव्यक्ति पनि सगै रहनु आवश्यक छ, वि.नि तथा स्रोतव्यक्तिहरूले शिक्षकहरूको कक्षा अवलोकन गरी समस्याको निदान र आवश्यक पृष्ठपोषण प्रदान गरिनु गर्छ । विद्यालयमा राजनीतिको प्रवेश हुन नदिनेतर्फ शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू चनाखो हुनुपर्ने, विद्यालयले स्रोतव्यक्ति तथा वि. नि. हरूलाई आउने वातावरण सिर्जना गर्नु पर्छ, विद्यालयका सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने व्यवस्था वि.नि र स्रोतव्यक्तिले मिलाउनु पर्छ । कक्षा शिक्षकको कक्षा अवलोकन व्यवस्थापन समिति अध्यक्ष तथा प्र.अ. ले गर्नु पर्छ, व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले पनि शिक्षकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्रोत्साहित गर्नुपर्छ साथै स्वस्थ्य, भौतिक तथा मानसिक वातावरण सिर्जना गरिदिनु पर्छ, प्र.अ.को शैक्षिक योग्यता अरू शिक्षकको भन्दा उच्च हुनुपर्ने, जहाँ प्रशस्त शिक्षकहरू छन् त्यहाँ प्र.अ.ले पढाउनेभन्दा पनि बढी शिक्षकहरूको कक्षा अवलोकन गरी पृष्ठपोषण दिने तथा व्यवस्थापन गर्ने काममा आफ्नो समय खर्च गर्नुपर्छ र वि.व्य.स. अध्यक्ष र सदस्यहरू आफ्ना अधिकार र कर्तव्यका बारेमा स्पष्ट हुनुपर्छ र तिनीहरूलाई नेपालको शिक्षा प्रणालीका बारेमा साथै विद्यालय सुपरिवेक्षणका बारेमा आवश्यक ज्ञान र सीप प्रदान गरिनु पर्ने जस्ता पक्षहरू शोधकार्यले व्याख्या गरेको पाइयो ।

बलायर, (२०६४) को शैक्षिक विकासमा सहभागितात्मक अनुगमन शीर्षकमा नेपालको शैक्षिक अनुगमनको औपचारिक शुरुवात देखि सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) सम्मको सुपरिवेक्षणा अवस्थालाई छोटकरीमा औल्याइएको छ । प्रशासनिक निरीक्षणबाट शुरु भएको निरीषण व्यवस्था हाल आएर सरोकारवालाको सहभागितामा आधारित सहयोगात्मक रुपबाट सञ्चालन गर्ने प्रयासको थालनी भएको उल्लेख छ । विद्यालय निरीक्षणको सम्बन्ध मानवीय विकास र विद्यालयको सुधारसँग सम्बन्धित छ । विद्यालय उक जीवित संस्था भएकाले त्यहाँ ज्ञान, विचार र विवेकको बारेमा विमर्श गरिन्छ । यस्तो जीवन्त सामाजिक स.स्थालाई गतिशीलता प्रदान गर्ने कार्य निरीक्षणले गर्दछ । शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीविहरु लगायत सबै सरोकारवालाको संयुक्त प्रयासबाट सुधारात्मक कदमहरुको छनौट कार्य सबैको सहभागिताबाट मात्र संभव हुन सक्दछ । यसका लागिसहभागितामूलक अनुगमन एक साध्य हो । यसको शुरुवात सेती परियोजनाबाट भएको हो । सहभागितात्मक अनुगमन एक प्राज्ञिक सहयोग हो जसले सरोकारवालालाई सक्रियरुपमा सहभागी गराउँछ । यस आधारलाई मध्यनजर गरेर नै स्रोत केन्द्रमा आधारित अनुगमन प्रणालीलाई स्थापित गरिएको हो । यो एक समूहगत प्रयत्न हो जसमा समूहका सबै सदस्यहरुको प्रतिक्रियाबाट विद्यालय विकासका प्रत्येक क्रियाकलापहरु अगाडी बढाउन सहयोग मात्र पुऱ्याउँदैनन्, संरचनाको अभिवृद्धि गर्न समेत सहयोग पुऱ्याउँछन् । विद्यालय सामाजिक एकाइभित्रको एक उपप्रणाली हो । समाज र विद्यालयबीचको सहसम्बन्धबाट नै

विद्यालय भित्रका सुधारात्मक गतिविधिहरु स्वःपरिचालित हुन थाल्दछन् । विद्यालयको सुधारका क्रममा समग्र पक्षलाई मार्ग दर्शन गर्ने कार्यमा विद्यालयद्वारा स्थापित अनुगमन प्रणालीको प्रमुख हात रहन्छ । विद्यालयमा आधारित अनुगमन प्रणाली भन्नाले कुनै अलग्गै सैद्धान्तिक धरातलबाट उत्पति भएको ज्ञान होइन । यो हाम्रै अभ्यास र प्रयासको प्रतिफलका रपमा स्थापित सैद्धान्तिक अवधारणा हो । यसको विकसित रुप सामान्यतया विद्यालयमा आधारित व्यवस्थापनको अवधारणा सँगै आएको हो । यो एक प्रकारको पूर्ण विकेन्द्रिकृत अनुगमन प्रणाली हो ।

खनाल (२०६०), ले काठमाडौ जिल्लाका स्रोतकेन्द्रहरूको बर्तमान स्थिति र स्रोतकेन्द्रमार्फत् संचालित कार्यक्रमहरूको प्रभावकारिताको अध्ययन गरी विद्यालयको शैक्षिक उपलब्धि बृद्धि गर्न के कति सहयोग पुगेको छ साथै कार्यक्रम संचालनमा देखा परेका समस्याहरूको वारेमा अध्ययन गरेको पाइयो । कार्यक्रम संचालनको सवैभन्दा तल्लो तह जुन अत्यन्त महत्वपूर्ण छ त्यो स्रोतकेन्द्र नै हो । यसले शैक्षिक कार्यक्रमको प्रभावकारिताका लागि गर्ने सहयोग, शैक्षिक उपलब्धिको प्राप्तिका लागि गरेको कार्य र प्राप्त उपलब्धिको अध्ययनका लागि प्रस्तुत शोधपत्रले केही मात्रमा भएपनि जानकारी दिने उद्धेश्य रहेको देखिन्छ । शोधकार्य स्रोतकेन्द्र अन्तर्गत संचालित विभिन्न कार्यक्रमहरूले शैक्षिक उपलब्धिमा परेका प्रभाव वारे स्रोतव्यक्ति, विद्यालय निरीक्षक, प्रधानाध्यापक तथा शिक्षकहरूको प्रतिकृया थाह पाउनु, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम लागू हुनु पूर्व (२०५७/०५८) र हालको (२०५९) प्राथमिक तहका विद्यार्थीहरूको औषत उपलब्धिको फरक पत्ता लगाउनु, स्रोतकेन्द्र अन्तर्गत कार्यक्रमहरू संचालन गर्दा देखिएका समस्याहरूको पहिचान गर्नु र समाधानका उपायहरूको खोजी गर्नु, श्रोतकेन्द्र अन्तर्गत संचालित कार्यक्रमको सुधारको लागि सम्वद्ध व्यक्तिहरूले राखेका अपेक्षाको पहिचान गर्नु र शैक्षिक उपलब्धि बृद्धि गर्न श्रोतकेन्द्रको भूमिकालाई प्रभावकारी वनाउन आवश्यक सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्धेश्यहरू लिई शोधकार्य गरेको देखिन्छ ।

यो अध्ययन काठमाडौं जिल्लाका २९ मध्ये १० वटा स्रोतकेन्द्र र २९९ सामुदायिक विद्यालय मध्ये १० वटा विद्यालयबाट संकलित गरी गरिएको हो । शोधपत्रबाट प्राप्त मुख्यमुख्य उपलब्धिहरू र निष्कर्षमा स्रोतकेन्द्र मार्फत विभिन्न कार्यक्रमहरू संचालन गरी विद्यालयको शैक्षिक उपलब्धिमा बृद्धि गर्न सकिने उल्लेख भएतापनि हालसम्म शिक्षक तालिम, समुदाय परिचालन, प्र.अ. शिक्षक बैठक, अतिरिक्त कियाकलाप जस्ता केही कार्यक्रमहरू बाहेक विद्यालयको शैक्षिक उपलब्धिमा बृद्धि ल्याउन विशेष कार्यक्रम संचालन भएको देखिदैन, स्रोतकेन्द्रमा संचालन हुने अधिकांश कार्यक्रमहरू केन्द्रीय तहबाटै निर्धारण हुँदा विद्यालयको आवश्यकतासंग मेल नखाने, कार्यक्रम र बजेट समयमा प्राप्त हुन नसक्ने

जस्ता समस्याहरूले कार्यक्रम प्रभावकारी हुन नसक्ने देखिन्छ तापनि स्रोतकेन्द्र मार्फत संचालित कार्यक्रमहरूमा विद्यालयको सहभागिता राम्रो रहेको पाइयो । तसर्थ कार्यक्रमलाई अझ प्रभावकारी र उपलब्धिमूलक बनाउन सकेको खण्डमा विद्यालयको सहभागितामा अझै बृद्धि हुन सक्छ, आ.प्रा.शि.का. लागु भएपनि विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरूमा खासै ठोस सुधार नदेखिए पनि केही सकारात्मक प्रभाव र सुधारको संकेत देखिएका छन्, भौतिक संरचना, साधन स्रोतको अभाव, स्रोतव्यक्ति/वि.नि.मा अधिकार जिम्मेवारी र कामप्रतिको उत्तरदायित्वको कमी, कामको उचित मूल्याङ्कनको अभाव जस्ता समस्याहरूले स्रोतकेन्द्रको प्रभावकारितामा कमी ल्याएको र वि.नि/स्रोतब्यक्तिले दिएका सुझावको कार्यान्वयन नहुनु, व्यक्तिगत समन्वयको भरमा जि.शि.का.बाट कार्य हुनु, अभिभावकको चासो कम हुनु, शिक्षकमा उत्तरदायित्व र जिम्मेवारी बोधमा कमी हुनु, संस्थागत विद्यालय माथि नियन्त्रणमा कम हुनु जस्ता समस्याले स्रोतकेन्द्रको प्रभावकारितामा बाधा पुगेको देखिन्छ । स्रोतकेन्द्रको अवधारण अनुरूप कार्य गराउने सिलसिलामा नेपाल सरकारको प्रशस्त लगानी स्रोतकेन्द्र प्रणाली संचालनमा खर्च भइरहेको र स्रोतकेन्द्र प्रणालीकै बारेमा प्रश्नचिन्ह लागि रहेको वर्तमान अवस्थामा त्यही विषयमा अनुसन्धान गरी निकालिएका निष्कर्षहरू उपयोगी हुनसक्दछन् ।

कार्की, (२०६६) ले शिक्षामा नौ अ शीर्षकमा शैक्षिक क्षेत्रमा अनुगमन/निरीक्षण एउटा प्रमुख अंगको रपमा रहेको र कुनै पनि संघसंस्थालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि अनुगमन निरीक्षणको अपरिहार्यतालाई नकार्न सकिन्न । वर्तमानको अनुगमन फितलो छ भन्ने जनगुनासोमा केही हद्सम्म सत्यता पनि छ तर हाम्रो दायित्व पूरा गर्न अरुको मुख ताकेर बस्ने, अरले के गऱ्यो भन्नु भन्दा पनि मैले के गरें भन्ने कुराले महतव राख्दछ । सीमित साधन र स्रोतको उच्चतम एवं जीवन्त प्रयोग गर्दै जवाफदेहिता र उत्तरदायित्वलाई सर्वोपरि मानी तदनुरुप कार्य क्षेत्रमा समर्पित हुनुपर्दछ । अनुगमन निरीक्षणको सञ्जालबाट विद्यालयको जनशक्ति परिचालनलाई पहिलो प्राथमिकता क्रममा राख्नु पर्दछ । सहकर्मीहरु, प्र.अ., स्रोतव्यक्ति, विद्यालय निरीक्षक, जि.शि.अ. लगायतका पेशाकर्मीबाट अनुगमन निरीक्षणको कायृतालिकाको आधारमा निरीक्षण गर्ने र प्राप्त प्रतिवेदन उपर छानविन र कार्यान्वयन गर्ने परम्परा विकसित गर्नुपर्ने देखिन्छ । तसर्थ सिंगो निरीक्षण प्रणालीको प्रभावकारितामा अध्ययन अवलोकन गरी यसलाई समयसापेक्ष बनाउनु पर्दछ । अनुगमन निरीक्षणलाई गुणस्तरीय एवं विश्वासिलो भरपर्दो बनाउनका लागि साधन स्रोत सम्पन्न दक्ष जनशक्ति हुनपर्दछ साथै अहिलेको परिप्रक्ष्यमा समूह निरीक्षणलाई पनि एउटा सशक्त तरिकाको रुपमा लिन सकिन्छ ।

अधिकारी, (२०६४) ले तयार पार्नुभएको शोधमा सुपरिवेक्षणको परिभाषा, शैक्षिक सुपरिवेक्षणका सिद्धान्त तथा कार्यहरू, आधारभूत सुपरिवेक्षकीय सीपहरू, नेपालमा शैक्षिक सुपरिवेक्षणको विकास, विद्यालय सुपरिवेक्षणका समस्या र चुनौतीहरू, समस्या समाधानका उपायहरू र निष्कर्ष माफर्त आफ्ना विचारहरूलाई समेट्नु भएको छ । परिभाषामा Unruh, Turner (१९७०:८) सुपरिवेक्षणको नवीनतम् अर्थलाई सेवामूलक क्रियाकलापकोरूपमा, प्रक्रियाकोरूपमा र कार्यकोरूपमा उल्लेख गरेकाछन् । सुपरिवेक्षण कार्यमूलकरूपमा प्रशासनसँग सम्बन्धित रहेको हुनुपर्छ, सुपरिवेक्षण दर्शनमा आधारित हुनुपर्छ, सुपरिवेक्षण बैज्ञानिक, प्रजातान्त्रिक, रचनात्मक र पेशागत हुनुपर्छ, यो उपलब्धिमूलक र परिवर्तनकारी र मानव सम्बन्धमा आधारित हुनपर्छ जस्ता सिद्धान्तहरू उल्लेख गर्नु भएको छ ।

वाइल्स (१९६७) ले सुपरिवेक्षणका कार्यहरू, नेतृत्व प्रदान गर्नु, नीति निर्माण गर्नु, शिक्षण सिकाई अबस्थाको सुधार गर्नु, कर्मचारीहरूको सुधार गर्नु, मानव सम्बन्धको सुधार गर्नु, समूह अन्तरक्रियामा सुधार ल्याउनु, सुपरिवेक्षणमा सुधार ल्याउनु, शिक्षकको मनोबल, आत्मबल वढाउनु र सिकाईको प्रभावकारी वातावरणको सिर्जना गर्नु उल्लेख गरेका छन् । लेखकले वातावरणमा परिवर्तन ल्याउने, समस्या समाधान र निर्णय लिने, प्रभावकारी रूपमा संचार गर्ने, उत्प्रेरणा जगाउने, सहभागीतामूलक व्यवस्थापन गर्ने, नेतृत्व प्रदान गर्ने र समूह कार्य गर्ने जस्ता सुपरिवेक्षकीय सीपहरूको उल्लेख गर्नु भएको छ । नेपालमा शैक्षिक सुपरिवेक्षणको विकासक्रम राणा शासन देखी विभिन्न आयोगका प्रतिवेदनहरू, देशलाई राजनैतिक विभाजनको आधारमा र विभिन्न समयमा सञ्चालित आयोजनाहरूले गरेको व्यवस्थाका आधारमा यसको विकासलाई लेखले संक्षिप्तरूपमा प्रष्ट पार्न सकेको देखिन्छ ।

विद्यालय सुपरिवेक्षणका वास्तविक समस्याहरू र चुनौतीहरू लेखमा स्पष्टरूपमा देख्न पाइन्छ । विभिन्न लेखहरूद्धरा पनि यस सम्वन्धमा उठाइएका कुराहरू साच्चिकै घत लाग्ने खालको छ । कान्तिपुर (चैत्र १५, २०५७:७) का अनुसार प्र.अ.लाई सरकारले खटाएका वि.नि.का बारेमा पत्तो छैन । वर्षौ भयो, निरीक्षण गर्न कोही आएको छैन, बरू बेलाबेलमा गा.वि.स.अध्यक्ष र केही सदस्य निरीक्षण गर्न आउँछन, वि.नि.हरू तल बजारसम्म आएर त्यहीबाट निर्देशन दिएर जान्छन रे भन्ने प्र.अ.को प्रतिक्रिया ज्यादै मार्मिक देखिन्छ । बार्षिक दुई अर्ब रकम खर्च हुने गरेको वि.नि. र स्रोतव्यक्तिको प्रभावकारीता नदेखिएको, त्यो प्रभावकारीता नआउनुमा यो पदलाई राजनैतिक ध्येयमा दुरूपयोग गरिएको पनि हो, ती निरीक्षकहरूमाथि निगरानी राख्ने जि.शि.अ. पनि राजनैतिक प्रभावकै आधारमा चयन भएकाले कार्य दक्षतामा प्रभावकारिता नदेखिएको उल्लेख गरेका छन् ।

विद्यालय सुपरिवेक्षण व्यवस्थाका प्रमुख चुनौती एवं समस्याहरूमा शैक्षिक प्रशासन व्यवस्था अत्याधिक केन्द्रिकृत हुनु, साबिक निरीक्षण दरवन्दी र बढ्दो विद्यालय संख्याले गर्दा निरीक्षण विद्यालय अनुपात नियमावलीले तोके भन्दा वढी हुनु, प्रशासनिक काममा व्यस्त हुनु, स्रोत सामग्रीको अभाव, तालिमको अभाव, न्यून सुविधाहरू, अधिकारको सीमितता, पेशाप्रति बफदार नहुनु र स्रोतव्यक्तिहरूको छनोट प्रक्रियाहरू उल्लेख गरेका छन् । विद्यालय सुपरिवेक्षणमा देखिएका समस्या एवं चुनौतीहरूको समाधानका लागि विभिन्न उपायहरू समेत लेखकले सुझाउनु भएको छ । सुपरिवेक्षकले शिक्षकका मनोबैज्ञानिक, सामाजिक आवश्यकताको पहिचान गर्नुपर्ने, निरीक्षकहरूको दक्षता अभिवृद्धि गर्नुपर्ने, उनीहरूको व्यवसायिक दक्षता अभिवृद्धि गरी उच्च मनोबलका साथ कार्य गर्न सक्ने वनाउने, सुपरिवेक्षकले व्यवसायिक दक्षता बढाउन कार्य गर्नुपर्ने, शिक्षकहरूलाई तालिम प्रदान गर्ने, शैक्षिक प्रशासन र सुपरिवेक्षण पद्धति विकेन्द्रीकरणको धारणा अनुसार सञ्चालन हुनुपर्ने, जिम्मेवार र इमान्दार भई कार्य गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने, समन्वयात्मक निरीक्षण प्रणालीको विकास गर्ने, सुपरिवेक्षण प्रणालीको समयसमयमा समीक्षा गर्ने, शिक्षालाई राजनैतिक र प्रशासनिक हस्तक्षेपबाट अलग गरिनुपर्ने, विद्यालय र निरीक्षकको अनुपात वैज्ञानिक बनाउन पर्ने जस्ता समाधानका उपायहरू सुझाउन भएको पाइयो । समग्रमा यस लेखबाट शोधकार्यका लागि अति उपयोगी र शोधको प्रमाणिकताका लागि सहयोगी हुने देखिन्छ ।

लम्साल, (२०६४) को विद्यालय सुपरिवेक्षण तथा निरीक्षण अनुसार विद्यालय शिक्षामा सुधारका लागि निरीक्षण तथा सुपरिवेक्षणको आवश्यकता छ भन्ने कुरा विगतमा विद्यालय निरीक्षण सम्बन्धी भएका प्रयासहरुले स्पष्ट पार्छन् । विद्यालय निरीक्षण गर्ने परिपाटीलाई त्यो प्रशासनिक भयो भनेर सुपरिवेक्षण गर्ने धारणाको विकास भएको हो । विद्यालयको निरीक्षण गर्ने होस् वा सुपरिवेक्षण ति दुवैको उच्चतम् उद्धेश्य भनेको शिक्षाको गुणस्तरमा सुधार गर्न सहयोग गर्नु हो । विगतदेखि वर्तमानसम्म आइपुग्दा विद्यालयको सुपरिवेक्षण गर्ने मोडालिटीहरु फरक भएका छन् । पहिले पहिले जिल्लामा एकजना प्रा.वि.नि. र एकजना मा.वि.नि. रहने गरेकोमा अहिले ४ देखि १४ जना सम्म विद्यालय निरीक्षक रहने व्यवस्था छ । त्यसको अलावा स्रोतकेन्द्रमा स्रोतव्यक्ति रहने व्यवस्था समेत छ । विद्यालय निरीक्षकहरु प्रशासनिक बन्न खोजेका छन्, विद्यालय निरीक्षण गर्न जाँदैनन्, योग्यता, दक्षता, तालिम र नेतृत्वको कमी छ, शिक्षकले वि.नि.लाई भारको रुपमा लिएका छन् जस्ता आरोप विद्यालय निरीक्षकलाई लगाइने गरेको छ जसले गर्दा विद्यालय निरीक्षकहरुको सामु आफ्नो योग्यता, दक्षता, तालिम आदिले क्षमता विकास गरी आफ्नो पेशाप्रति निष्ठावान्, उत्तरदायी, इमानदार र जुझारु बनी गुणस्तरीय शिक्षा प्रदान गर्ने महान् यज्ञमा लाग्न ठूलो चुनौती खडा भएको छ भनी उल्लेख गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यो शोधकार्यलाई तथ्यपूर्ण निचोडमा पुऱ्याउन पूर्ण सर्वमान्य सिद्वान्तको आधार लिनु पर्ने हुन्छ । स्वीकृत तथ्य वा सिद्वान्तमा आधारित कुनैपनि नयाँ तथ्यहरू विश्वासनीय र वास्तविक हुन्छन् । प्रस्तुत शोधकार्यका सर्न्दभमा निम्नलिखित सिद्धान्तहरूबाट आधार मानेर अध्ययन गरिएको छ ।

टेलर (सन् १८५६) ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापनको सिद्वान्त अनुसार मानिसलाई गराउन खोजिएको काम र उद्देश्य पूरा गर्न उनीहरूले राम्रो र किफायती ढंगले सम्पादन गर्न सक्छन् । त्यसलाई व्यवस्थापकले ध्यान दिएर आफ्ना कर्मचारीलाई त्यही अनुसार कार्य लगाउनु पर्दछ । परम्परागतरूपमा चल्दै आएको भूल र प्रयत्नको प्रशासनिक व्यवस्थापनलाई सिलसिलावद्व, वैज्ञानिक र तर्कसँगत वनाउने अभियानमा यो सिद्वान्त प्रतिपादन भएको हो । शिक्षण सिकाइमा उत्तम विधिहरु प्रतिपादन गर्नुपर्दछ र निरीक्षकले ति विधिहरु बमोजिम शिक्षकहरुले कक्षा शिक्षण गरे नगरेको खोजी गर्नुपर्दछ भन्ने यस सिद्धान्तको मुख्य धारणा हो । यस वैज्ञानिक विधिअन्तर्गत अवलोकन, मूल्याङ्कन, परीक्षण र निचोड तत्वहरू समावेश गरेका थिए । कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउने, कामदारलाई आफैले काम छान्ने परम्परा छुट्याएर वैज्ञानिक ढङ्गले कामदार छनोट गर्ने र छानिएका कामदारलाई तालिम दिने, वैज्ञानिक ढङ्गबाट काम हुने गरी व्यवस्थापक र कामदारवीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्ने, कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्ने, वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्ने र कामदार र व्यवस्थापकवीच स्पष्ट कार्य विभाजन गर्नुपर्ने सिद्धान्त प्रतिपादन गरे । यसै गरी टेलरले समय, कार्य विवरण र कामको गति कामदारको थकावटलाई ख्याल गरी कामलाई चुस्त र वैज्ञानिक बनाउने समय सिद्धान्त समेत प्रतिपादन गरेका थिए (भट्ट, २०५८ बाट उदृत) ।

हर्जवर्ग (१९२१) द्वारा प्रतिपादित उत्प्रेरक-आरोग्य सिद्धान्त (Motivation-Hygiene Theory) ले कुनै पनि काकमदारलाई आफ्नो कार्य वातावरणमा उत्प्रेरित गर्ने तत्वहरु दुई रुपमा रहेका हुन्छन् । उत्प्रेरित गर्ने तत्वलाई उत्प्रेरक तत्व (Motivation factors) को रुपमा हेरिएको छ भने कार्यस्थलको वातावरणलाई आरोग्य तत्व (Hygiene factors) को रुपमा लिइएको छ । सबै तत्वहरुले कर्मचारी कामदारलाई आफ्नो काम प्रति उत्प्रेरित गर्दैनन् बरु अनुत्प्रेरित हुनबाट जोगाउन भने सक्छन् । उत्प्रेरक तत्वहरुमा उपलब्धी, उन्नति, विकास, चुनौतिपूर्ण काम, पहिचान, उत्तरदायित्व पर्दछन् जुन उत्कृष्ट कार्यसम्पादनको लागि उत्प्रेरक तत्वहरु हुन् । आरोग्य तत्वहरुमा संस्थाको नीति, सुपरिवेक्षणको गुण, कार्य वातावरण, तलब भत्ता, कर्मचारी बीचको सम्बन्ध पर्दछन् जुन असन्तुष्टिलाई रोक्न आवश्यक छन् । हर्जवर्गद्वारा प्रतिपादन

गरिएको प्रस्तुत सिद्वान्तले व्यक्तिको उत्प्रेरणालाई कायम राख्ने तत्वलाई छुट्याएको मात्र छैन कि कार्यस्थलमा उत्प्रेरणाको लागि न्यूनतम संस्थागत बन्दोबस्त, नियम, कार्यवातावरण एवं तलब सुविधाको आवश्यकता पनि पर्छ भन्ने कुरालाई स्वीकारेका छन् (खनाल, २०६६ बाट उदृत) ।

ग्रीलवेथ (सन् १८६८) को सिद्धान्त अनुसार कामदारलाई थकावट नहुने गरी काममा लगाउनु पर्ने उल्लेख गरेका छन् । कुनै काम गर्दा भौतिक चाललाई घटाएमा थकाई कम लाग्ने भएकाले यसबाट प्रभावकारी कर्मचारी परिचालन गर्न सकिने धारणा अगाडी सारेका छन् । यस सिद्धान्त अनुसार समय र गति अध्ययन (Time & Motion study) र कार्य सरलीकरण (Job Simplication) का सम्बन्धमा कामदारहरुको कल्याणलाई विशेष रुचिका साथ हेरिएको छ । कामदारहरुले एक्लै बसेर काम गर्नुभन्दा समूहमा बसी काम गर्दा उनीहरुको हौसला बढ्ने र उत्पादकत्व पनि बढ्ने हुन्छ । त्यस्तै हेनरी गाण्ट ( सन् १८६१) ले कामदारलाई दिने प्रोत्साहन प्रणालीमा सुधार ल्याउन सकिएमा निर्धारित समय अगावै काम सक्ने मात्र हैन स्तरीय हुने सिद्धान्त प्रतिपादन गरे । तोकिएको समयमा एउटा कामदारले के कति काम गर्नुपर्दछ भन्ने बारे उनले गाण्ट चार्टको आविष्कार गरे । यसैगरी तलब निर्धारणका सिलसिलामा उनले न्यूनतम ज्याला दिइनु पर्ने विचार व्यक्त गरे । उनले सुपरिवेक्षकलाई समेत थप आर्थिक सुविधा दिनुपर्ने सल्लाह दिए । यस सिद्धान्तले एकातर्फ कामदारहरुको न्यूनतम ज्याला निर्धारण गर्न सरल तुल्यायो भने अर्कोतर्फ कम्पनी उद्योगले थप उत्पादन गरी मुनाफा कमाएमा कामदारलाई बोनसको थप आकर्षण दिनुपर्छ भन्ने मान्यता अघि सारेको पाइन्छ (भट्ट, २०५५: ३८ बाट उदृत) ।

त्यसैले विद्यालयको सुपरिवेक्षण पनि वैज्ञानिकढङ्गबाट भएमा शैक्षिक उद्देश्य पूरा हुन सक्छ र सवैले राम्रोसँग उद्देश्यमूलक ढङ्गबाट कार्य गर्न सक्छन भन्ने कुरालाई मध्यनजर गर्दै सामुदायिक विद्यालयहरूमा सुपरिवेक्षणको स्थितिको सम्वन्धमा अध्ययन गर्नका लागि यी सिद्वान्तहरुलाई उपभोग गरिएको छ, जसमा अवलोकन, मूल्याङ्कन, सेवा सुविधा, सामुहिक नेतृत्व र निचोड जस्ता कुराहरू पर्दछन जसको विस्तृत उपयोग शोधकार्यमा गरेको छु ।

## २.३ शैक्षिक उपादेयता

विभिन्न लेखक तथा दस्तावेजको अध्ययनले सुपरिवेक्षणको विगत र वर्तमानको यथार्थ अवस्थाको चित्रण गर्न सहयोग गरेको छ । निरीक्षण वास्तवमा शिक्षाको शुरुवात भएदेखि कुनै न कुनै रुपमा विभिन्न नाम, सन्दर्भ र काम अनुसार समयक्रम सँगै परिष्कृत हुँदै आइरहेको तथ्य पुष्टि भएको पाइन्छ । विद्यालयको आर्थिक, प्रशासनिक तथा शैक्षिक स्तर उकास्नका लागि विद्यालयको निरन्तर अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण हुनु जरूरी छ । विभिन्न जिल्लाहरूमा विद्यालय निरीक्षणको अवस्थाका बारेमा गरिएका

अध्ययनहरूले त्यस जिल्लाको सुपरिवेक्षणको वास्तविकता उजागर गरेकाले ती अध्ययनको सहायताले सिन्धुपाल्चोक जिल्लामा विद्यालय सुपरिवेक्षणको अवस्था कस्तो रहेको छ भन्ने कुराको अनुसन्धान गर्नका लागि थप सहयोग गरेको छ ।

विद्यालय निरीक्षकहरूले अधिकारमुखी निरीक्षण गर्नका लागि स्वतन्त्रता नपाएकाले विद्यालय निरीक्षण गरेर दिइएको प्रतिवेदनको कार्यान्वयन नभएको भन्ने कुरा चलिरहेका बेला वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई हेर्ने हो भने विद्यालय निरीक्षकहरूको कार्य गर्ने वातावरण र जिम्मेवारीलाई सरकारले प्रत्यक्षरूपमा सहयोग गर्न नसकेको पाइन्छ । त्यसै गरी विभिन्न जिल्लामा भएका अध्ययनहरूले पनि विद्यालय निरीक्षकहरूका धेरै समस्याहरू रहेकाले ती समस्याहरू निराकरण गर्नका लागि सरकारी जासो कम भएको र शिक्षा मन्त्रालयले पनि विद्यालय निरीक्षक र स्रोतव्यक्तिका कामहरूमा स्पष्टता ल्याउन नसकेकाले विद्यालयको प्रभावकारी अनुगमन हुन नसकेको अवस्था छ ।

यस अध्ययनले विद्यालयमा देखिएका विद्यालय सुपरिवेक्षणसम्बन्धी विद्यमान अवस्था पत्तालगाई तीनमा देखिएका समस्याहरू केलाउने र भविष्यमा कसरी समस्याहरू समाधान गर्ने भन्ने बारेमा ठोस सुझाव दिने भएकाले यसको शैक्षिक उपादेयता अत्यन्त महत्वपूर्ण रहेको छ । खास गरी विद्यार्थी भर्नाको स्थिति, विद्यालयमा विद्यार्थीको शैक्षिक निरन्तरता, कक्षागत उपलब्धी, विद्यालयको शैक्षिक अवस्था, विद्यार्थीको आर्थिक अवस्था, सामाजिक, साँस्कृतिक परिवेश, विद्यालय प्रति समुदाय र अभिभावकको अवधारणा, शैक्षिक अवस्थामा गुणस्तरीय प्रगती, शिक्षकको दक्षता, तालिम, विद्यार्थीको पृष्ठभूमि र विद्यालय व्यवस्थापन समितिको भूमिका जस्ता तत्वहरूको वास्तविकता औंल्याउन शैक्षिक सुपरिवेक्षणको प्रभावकारिता महत्वपूर्ण रहेको हुन्छ ।

विद्यालय सुपरिवेक्षण सम्बन्धमा विगतमा गठन भएका आयोगका प्रतिवेदन तथा यस सम्बन्धमा सरकारका कार्यनीति तथा रणनीतिहरूको समग्र विश्लेषणले यस सम्बन्धि भएका व्यवस्थाहरूको साथै भविष्यमा सरकारले चाल्ने अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तथा कार्यक्रमले सुपरिवेक्षणको प्रभावकरितालाई अझ समसामयिक बनाउदै लैजान सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनलाई सिन्धुपाल्चोक जिल्लाभित्र सीमित गरिएको छ । यसका लागि अनुसन्धानको ढाँचा गुणात्मक, परिमाणात्मक एवं वर्णनात्मक र विश्लेषणात्मक ढंगले तथ्याङ्कको व्यवस्थापन गरिएको छ ।

## ३.२ तथ्यांक संकलन प्रक्रिया

यो अध्ययनलाई पूर्णता दिन निम्नानुसारको तथ्यांक संकलन प्रक्रिया अपनाइएको छ ।

### ३.२.१ जनसंख्या

सिन्धुपाल्चोक जिल्ला अन्तर्गत पर्ने १९ वटा स्रोतकेन्द्रका कुल ६०२ वटा सामुदायिक विद्यालयहरु मध्ये ३ वटा स्रोतकेन्द्र (जनजागृति उ.मा.वि.स्रोतककेन्द्र, साँगाचोक, कृष्णरत्न गंगा उ.मा.वि.स्रोतकेन्द्र चौतारा र ज्ञानमन्दिर उ.मा.वि.स्रोतकेन्द्र, मेलचौर) का प्रा.वि.तहको एक/एक, नि..मा.वि.तहको एक/एक र मा.वि. तहको एक/एक विद्यालय गरी कुल नौ वटा विद्यालयहरु र यसका सरोकारवाला पक्षहरुलाई यस अध्ययनको जम्मा जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूनाको आकार

यस अध्ययन कार्यका लागि निम्नानुसार नमूना लिइ अध्ययन गरिएको थियो ।

तालिका १ नमूनाको आकार

| जि.शि.अ./विद्यालय निरीक्षक संख्या | स्रोतकेन्द्र/स्रोतव्यक्ति संख्या | विद्यालय संख्या | प्र.अ. संख्या | वि.व्य.स./अभिभावक संख्या | शिक्षक संख्या |
|---|---|---|---|---|---|
| १/४ | ३ वटा /८ जना | ९ | ९ | ९ | २७ |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०६७*

### ३.२.३ नमूना छनौट विधि

अध्ययनको उद्धेश्य पूरा गर्नका लागि एक जना जि.शि.अ., चार जना विद्यालय निरीक्षक र नौ जना प्र.अ.हरुलाई उद्धेश्यमूलक नमुना (Purposive Sampling) छनोटका आधारमा चयन गरिएको छ । त्यसबाहेक तीनवटा स्रोतकेन्द्र, आठ जना स्रोतव्यक्ति, नौ वटा विद्यालय, नौ जना अभिभावक तथा वि.व्य.स.अध्यक्ष र अठार जना शिक्षकहरुलाई संयोग विधि (Random Sampling) का आधारमा छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट तीन जना शिक्षक समेत छनौट गरिएको छ ।

### ३.२.४ नमूना छनोटका आधारहरू

जिल्लामा एकजना जिल्ला शिक्षा अधिकारी रहने कानूनी व्यवस्था रहेकोले निज स्वत: यस अध्ययनको नमूना छनौटमा परेको, यस जिल्लामा विद्यालय निरीक्षकको दरबन्दी ६ वटा रहेता पनि अनुसन्धानका क्रममा एक जना वि.नि.अन्यत्र काजमा रहेको र एकजना विदामा रहेकोले ४ जना वि.नि.को मात्र प्रतिनिधित्व रहेको, उन्नाइस जना स्रोतव्यक्तिहरु मध्ये भौगोलिकता तथा कार्यक्षेत्रको निकटताको कारण तोकिएका ३ जना स्रोतव्यक्ति तथा सदरमुकाम र आसपासका अन्य स्रोतव्यक्ति समेत गरी कुल ८ जना स्रोतव्यक्ति यस अध्ययनको नमूना छनोटमा परेका छन् । समय, साधन र स्रोतको सीमितताको कारणले गर्दा तीनवटा स्रोतकेन्द्रको छनौट गरी प्रत्येक स्रोतकेन्द्रबाट एक प्रा.वि.एक, नि.मा.वि. र एक मा.वि.का प्र.अ., ति विद्यालयमा कार्यरत शिक्षक, र अभिभावकलाई विश्वसनीय, समावेशी, यातायात, भौगोलिक एवं कार्यक्षेत्रका आधारमा नमूना छनोट गरिएका छन् ।

## ३.३ अनुसन्धानका साधन

यस अध्ययनका उद्वेश्यहरु पूरा गर्नका लागि जि.शि.अ., वि.नि., स्रोतव्यक्ति, प्र.अ., शिक्षकसँग अन्तर्वार्ता प्रश्नावली र प्र.अ., शिक्षक तथा अभिभावकसँग समूह छलफल, विद्यालयका प्र.अ.सँग सर्वेक्षण फाराम, विद्यालयले शैक्षिक सत्र २०६७ सालमा भरेका तथ्यांक फाराम जस्ता साधनहरु प्रयोग गरिएका छन् । यि साधनहरु अनुसुची १ देखि ६ सम्म प्रस्तुत गरिएका छन् ।

## ३.४ तथ्यांकका स्रोतहरु

यस अध्ययनका उद्वेश्यहरु पूरा गर्नकालागि प्राथमिक स्रोतका साधन अन्तर्गत प्रश्नोत्तरका लागि अन्तर्वार्ता प्रश्नावलीहरु प्राध्यापक तथा शोध निर्देशकसँग छलफल गरी प्राप्त सुझावका आधारमा तयार गरी उपर्युक्त छनौटमा परेका जनसङ्ख्याहरूबाट आवश्यक सूचना, विचार र तथ्याङ्कहरू लिने काम गरिएको छ । यस कार्यमा प्रयोग भएको प्रश्नावलीको नमुना अनुसूचीमा दिइएको छ । जिल्ला स्तरका

तथ्याङ्कका लागि जि.शि.का. सर्वेक्षण फारामको प्रयोग गरियो जसअन्तर्गत स्रोतकेन्द्र, स्रोतव्यक्ति, विद्यालय निरीक्षकको नाम एवम् सङ्ख्या त्यसै गरेर विद्यालय, विद्यार्थी शिक्षक आदिको तथ्याङ्क प्राप्त गर्न र त्यसबाट नमुना छनोट गर्न सहज भएको छ। विद्यालयको विस्तृत सूचना प्राप्त गर्ने उद्देश्यले यस फारामको प्रयोग गरिएको छ । यसबाट आधारभूत सूचनाहरू थाहा पाउन मद्दत पुगेको छ । धेरै जसो प्रश्नावलीका प्रश्नहरू बन्द प्रकारका रहे यसबाट मात्र अपेक्षित सुचना एवम तिनका धारणाहरू बुझ्न कठिन हुने देखिएकाले थप पूरक प्रश्न गरी छलफल गरिएको छ । त्यसै गरी विद्यालयको अभिलेखहरू खास गरेर निरीक्षण पुस्तिकामा लेखिएका सुझावहरू र तिनको प्रकृतिको अध्ययन गरिएको छ । त्यस्तै यस सोध अध्ययनलाई निचोडमा पुऱ्याउन द्वितीय स्रोतका रुपमा थप सहयोगी सूचनाहरु, विद्यालयका अन्य शैक्षिक अभिलेखन तथा दस्तावेजहरु, विद्यालय निरीक्षण पुस्तिका, स्टाफ बैठक र विद्यालय व्यवस्थापन समितिको बैठक निर्णय पुस्तिका, निरीक्षण क्षेत्रको कार्ययोजना, विभिन्न पत्र-पत्रिका, पुस्तक, लेख रचना, शोध कृति, बुलेटिन प्रतिवेदन, पुस्तकको अध्ययन तथा विश्लेषण गरी आवश्यक सूचनाहरु व्याख्या विश्लेषण गरिएको छ ।

### ३.५ तथ्याङ्क प्रस्तुति, विश्लेषण र व्याख्या

अध्ययनको उद्धेश्य पूरा गर्नको लागि सङ्कलित सूचना एवम् तथ्याङ्कहरूलाई वर्गीकरण गरिएको छ । यसका लागि केही सारांश फारामहरूको विकास गरिएको छ । अध्ययनको उद्देश्य अनुसारको तालिकाहरू निर्माण गरी त्यसलाई यस अध्ययनको उद्धेश्य अनुकुल विश्लेषण गरिएको छ । प्राप्त सूचनालाई बढी विश्वसनीय र भरपर्दो छ छैन भनेर त्यसको प्रमाणीकरणका लागि सरोकारवालाहरूसँग छड्के प्रश्नहरू सोध्ने र यी सूचनाहरूबीच तुलना समेत गरिएको छ । प्राप्त सूचना एवम् तथ्याङ्कहरूलाई परिमाणात्मक तथा गुणात्मक दुवै ढङ्गबाट बिश्लेषण गरिएको छ । साथै तालिका चित्र, ग्राफ चार्ट, प्रतिशत, अनुपात आदिका आधारमा प्राप्त तथ्यांकहरुको प्रस्तुति, व्याख्या र विश्लेषण समेत गरिएको छ ।


# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

प्रस्तुत बिषयको अध्ययनका लागि शोध प्रस्तावमा उल्लेख भएका विधिअनुसार नमुना जनसङ्ख्याकारूपमा छनोट भएका विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्तिहरूलाई भराइएको प्रश्नावलीबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा यस अध्ययनका उद्देश्यहरूलाई क्रमशः व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१ विद्यालयमा आधारित सुपरिवेक्षण

विद्यालय तहमा शिक्षकहरुलाई पेशागत सहयोग उपलब्ध गराई उनीहरुको शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन विद्यालय सुपरिवेक्षण कार्य गर्ने गरेको पाइन्छ । निरीक्षण सामान्यतः मन्त्रालय र मातहतका निकायहरुले आफूभन्दा तल्लो निकायमा विद्यामान नीति, नियम, प्रक्रिया तथा समयको हिसाबले कार्य सम्पन्नताको आवस्था पहिल्याउने कार्यमा केन्द्रित रहेको छ । सुपरिवेक्षणको क्रममा शिक्षाको संगठनात्मक संरचना निम्नानुसारको रहेको छ ।



केन्द्रीय स्तरमा सुपरिवेक्षण तथा निरीक्षण सम्बन्धी नीति निर्धारण गर्ने कार्य शिक्षा मन्त्रालयले गर्दछ । शिक्षा मन्त्रालयमा रहेको साविकको विद्यालय निरीक्षणालय हालको शैक्षिक गुणस्तर परीक्षण केन्द्र निरीक्षण सम्बन्धी काममा केन्द्रित रहेको पाइन्छ । यसै गरी शिक्षा विभागमा रहेको अनुगमन तथा निरीक्षण शाखा कार्यक्रमगत रुपमा मात्र अनुगमन कार्यमा केन्द्रित छ । यसले समग्ररुपमा निरीक्षण गर्ने किसिमको कार्य गर्दछ । यसरी सुपरिवेक्षण गर्ने सम्बन्धमा केन्द्रमा खासै त्यस्तो संगठनात्मक संरचना देखिएको छैन । यसै गरी क्षेत्रीय शिक्षा निर्देशनालयको मुख्य कार्य पनि अनुगमन तथा निरीक्षणमा केन्द्रित रहेको छ । विद्यालयमा हुने शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कार्यमा सहयोग पु¥याउन जिल्ला शिक्षा कार्यालयमा जिल्लाको वर्गीकरण ( शैक्षिक अवस्था, विद्यालय संख्या लगायतका आधारहरु लिएर जिल्लालाई वर्गीकरण गरिएको पाइन्छ ) को आधारमा मुलुकभर कुल ४१७ जना विद्यालय निरीक्षक र १०९१ स्रोतकेन्द्र/स्रोतव्यक्तिको व्यवस्था गरिएको छ । १० देखि ३५ सम्म विद्यालयहरु रहने एउटा समूहलाई स्रोतकेन्द्र कायम गरी त्यहाँ माध्यमिक तहमा कम्तीमा ५ बर्ष स्थायी सेवा गरेका शिक्षकलाई स्रोतव्यक्तिमा नियुक्ति गरी विद्यालयमा सुपरिवेक्षण गर्ने जिम्मा दिइएको छ । स्रोतव्यक्तिले महिनामा कम्तीमा पनि एकपटक तोकिएका विद्यालयहरु सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था रहेको छ भने जिल्लालाई शैक्षिक हिसाबले २ देखि ५ वटा सम्म स्रोतकेन्द्रको एउटा क्लष्टर (Cluster) बनाई प्रत्येक क्लष्टरको जिम्मा विद्यालय निरीक्षकलाई लगाउने व्यवस्था गरिएको छ । विद्यालय निरीक्षकले महिनामा कम्तीमा पनि हिमालमा ३, पहाडमा ४ र तराई/उपत्यकामा ५ ओटा विद्यालय निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्ने प्रावधान रहि आएको छ । क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग तथा शिक्षा मन्त्रालयले यति नै ओटा विद्यालयको अनुगमन गनुपर्छ भनि किटान नभए पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले ७५ जिल्ला मध्ये हिमाल, पहाड र तराईका गरी प्रत्येक बर्ष २५ वटा जिल्लाका ७५ वटा विद्यालयलाई नमुनाका रुपमा छनौट गरी निरीक्षण/सुपरिवेक्षण गर्ने व्यवस्था रहेको छ ।

### ४.१.१ सिन्धुपाल्चोक जिल्लाको विद्यालय सुपरिवेक्षणको अवस्था

सुपरिवेक्षकको अवस्थासँग सम्बन्धित नियमितता, कक्षा अवलोकन र सुधार, तालिम र प्रशासनिक निरीक्षणका सम्बन्धमा जि.शि.अ.को धारणा देहाय बमोजिम रहेको छ । जिल्ला शिक्षा अधिकारीको विचार लिनका लागि अनुसूची-१ मा राखिए बमोजिमको खुला प्रश्नावलीको प्रयोग गरिएको छ । जिल्ला शिक्षा अधिकारीबाट विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूबाट शैक्षिक सुपरिवेक्षण हुने गरेको, शिक्षा नियमावली तथा कार्य विवरणमा तोकिएअनुसार विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरू विद्यालय निरीक्षणमा जाने गरेको, ५० प्रतिशत विद्यालय निरीक्षक र ७५ प्रतिशत स्रोतव्यक्तिहरूले मासिक कार्य

योजना पेश गर्ने गरेका, ५० प्रतिशत विद्यालय निरीक्षक र ७५ प्रतिशत स्रोतव्यक्तिहरूले मासिक प्रगति प्रतिवेदन बुझाउने गरेका, विद्यालय सुपरिवेक्षणमा आफू पनि जाने गरेको, जाँदा प्रशासनिक तथा प्राविधिक दुवै सुपरिवेक्षण गर्ने गरेको र वर्षमा १० प्रतिशत विद्यालयहरूको सुपरिवेक्षण योजना बनाएर नै सुपरिवेक्षण गर्ने गरेको धारणा प्राप्त भएको छ ।

क) वि.नि. तथा स्रोतव्यक्तिले गरेको सुपरिवेक्षणको अवस्था

विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूको धारणा लिनका लागि अनुसूची-२ बमोजिमको खुला प्रश्नावली प्रयोग गरिएको छ । यस क्रममा विद्यालय निरीक्षकहरूले अति चासोका साथ आफ्ना विचारहरू राख्नु भएको छ । शिक्षाको गुणस्तर सुधारका लागि अनुसन्धानले सहयोग गर्ने धारणासमेत उहाँहरूले दिनु भएको छ जसबाट प्राप्त विचारलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ निरीक्षकले गरेको विद्यालय निरीक्षणको अवस्था

| क.स. | कार्य | वि.नि. संख्या | विद्यालयमा गई क्रियाकलाप गर्ने संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | कक्षा अवलोकन | ४ | ४ | १००% |
| २. | हाजिरी जाँच | ४ | ४ | १००% |
| ३. | नमुना पाठ प्रदर्शन | ४ | ३ | ७५% |
| ४ | शिक्षकसँग अन्तरक्रिया | ४ | ४ | १००% |
| ५. | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तर्क्रिया | ४ | ४ | १००% |
| ६. | विद्यार्थीसँग अन्तर्क्रिया | ४ | ३ | ७५% |
| ७. | मासिक कार्ययोजना बनाउने र सोही आधारमा प्रतिवेदन | ४ | २ | ५०% |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०६७*

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा कक्षा अवलोकन, हाजिरी जाँच, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तर्क्रिया, शिक्षकसँग अन्तरक्रिया जस्ता कुराहरू सबै विद्यालय निरीक्षकहरूले गर्ने गरेको देखिन्छ भने नमुना पाठ प्रदर्शन, विद्यार्थीसँग अन्तर्क्रिया गर्ने जस्ता क्रियाकलाप पनि ७५ प्रतिशतले गर्ने गरेको देखिन्छ । यसको पुष्ट्याइँका लागि विद्यालयको अभिलेख र विद्यार्थी, शिक्षक, प्रधानाध्यापकसँग लिएको विवरण एवम् अन्तर्वार्ताबाट उपर्युक्त कुराहरू पूर्णरूपमा पुष्टि हुन नसकेको देखिँदा पुनः उनीहरूलाई पूरकप्रश्न गरिएको छ । जस्तो कि विद्यालयको अभिलेख र विद्यार्थी, शिक्षक, प्रधानाध्यापकसँग लिएको विवरण एवम् अन्तर्वार्ताबाट उपर्युक्त कुराहरू पुष्टि हुँदैन नि भन्ने प्रश्नको

जवाफमा वहाँहरूको उत्तर सबै विद्यालयमा  सबै पटक उपर्युक्त कुरा नगरिएको तर केही विद्यालयमा भने हुने गरेको भन्ने रहेको छ । विद्यालय निरीक्षणका सम्बन्धमा स्रोतव्यक्तिका विचारहरूलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ३ स्रोतव्यक्तिको विद्यालय निरीक्षण नियमितता


| क.स. | पटक (बार्षिक) | स्रोतव्यक्ति संख्या | विद्यालय निरीक्षणमा जानेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | एक पटक | ८ | १ | १२.५ % |
| २ | दुई पटक | ८ | ३ | ३७.५ % |
| ३ | दुई देखि तीन पटक | ८ | २ | २५ % |
| ४ | चार पटक | ८ | २ | २५ % |
| ५ | चार पटक भन्दा माथी | ८ | ० | ० % |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६७*

शिक्षा नियमावलीमा कम्तीमा महिनाको एकपटक तोकिएको क्षेत्रको विद्यालयमा गई विद्यालय निरीक्षण गर्नुपर्ने प्रावधान रहेतापनि नमूना छनौटमा परेका आठ जना स्रोतव्यक्तिहरु मध्ये १ जनाले एकपटक, ३ जनाले दुईपटक, २ जनाले तीनपटक र २ जनाले चारपटक निरीक्षण गरेको पाइएको छ । चार पटक भन्दा बढी निरीक्षणमा जानेको संख्या शून्य रहेको पाइएको छ ।

माथिको तालिकालाई वृत्त चित्रमा निम्नानुसार  देखाउन सकिन्छ :

चित्र १ स्रोतव्यक्तिको विद्यालय निरीक्षण नियमितता




उपरोक्त चार्टबाट १३ प्रतिशतले एकपटक, ३७ प्रतिशतले दुईपटक, २५ प्रतिशतले तीनपटक र २५ प्रतिशतले चारपटक विद्यालयको निरीक्षण गरेको अबस्थाबाट पनि विद्यालय सुपरिवेक्षणको अबस्थामा सुधार गर्नु जरूरी देखिन्छ । भैरहेको व्यवस्था अनुसार भएपनि सुपरिवेक्षण गर्ने गराउने तर्फ ध्यान दिन

जरूरी छ । विद्यालयको निरीक्षण गर्ने प्रमुख जिम्मेवारी पाएका विद्यालय निरीक्षकले शिक्षा नियमावलीमा उल्लेख गरे अनुसारको कार्य गर्न नसक्नुमा टेलर (१९५६) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई वेवास्ता गरिएको हो । उता हर्जवर्गले उल्लेख गरेको उत्प्रेरणाको सिद्धान्तले भने झैं विद्यालय निरीक्षकहरुलाई प्रोत्साहित गर्न नसक्नु पनि अर्को कारण हुन सक्दछ । तर नमूना क्षेत्रमा विद्यालय निरीक्षकले १३ देखि ३५ प्रतिशतसम्म मात्र निरीक्षण गर्नु भौगोलिक विकटता, सेवा सुविधा र प्रोत्साहनको कमी पनि देखिएको छ ।

स्रोतव्यक्तिहरूलाई सिन्धुपाल्चोक जिल्लाका विद्यालय निरीक्षण गर्न जाँदा तपसिल बमोजिमका कार्यहरूका सम्बन्धमा निम्नानुसारको अवस्था रहेको पाइएको छ ।ः

तालिका ४ स्रोतव्यक्तिको निरीक्षणको अवस्था

| क.स. | कार्य | स्रोतव्यक्ति संख्या | क्रियाकलाप गर्नेको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | कक्षा अवलोकन | ८ | ८ | १०० % |
| २. | हाजिरी जाँच | ८ | ६ | ७५ % |
| ३. | नमुना पाठ प्रदर्शन | ८ | ५ | ६२.५ % |
| ४ | शिक्षकसँग अन्तरक्रिया | ८ | ८ | १०० % |
| ५. | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तर्क्रिया | ८ | ८ | १०० % |
| ६. | विद्यार्थीसँग अन्तर्क्रिया | ८ | ५ | ६२.५ % |
| ७. | मासिक कार्ययोजना बनाउने र सोही आधारमा प्रतिवेदन | ८ | ६ | ७५% |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०६७*

माथि उल्लिखित तालिकाबाट यो प्रस्ट हुन्छ कि विद्यालय निरीक्षण गर्न जाँदा सवै स्रोतव्यक्तिले कक्षा अवलोकन गर्दछन्, शिक्षकसँग अन्तरक्रिया गर्दछन्, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तरर्क्रिया गर्दछन् तर यसको निरन्तरता भने कम हुने गरेको छ । यसबाट शिक्षकलाई आवश्यकता अनुसारको पृष्ठपोषण कम हुने अवस्था छ । कक्षा अवलोकनले शिक्षण गर्दा शिक्षकले अपनाएको शिक्षण विधिको प्रभावकारिता बारे जानकारी लिई तत्काल सुधार गर्न आवश्यक भएमा सुधारका लागि सल्लाह दिने, हाजिरी जाँचले शिक्षकको नियमितताको अवस्था हेरी पठनपाठनमा परेका असर केलाउन सकिने, विज्ञ स्रोतव्यक्तिले दिएको सल्लाहलाई शिक्षकले सहजरूपमा स्वीकार गरी शिक्षण तरिकामा सुधार गर्न सक्ने भएकाले जति बढी निरीक्षण भयो शिक्षकले त्यति राम्रो मान्ने गरेका छन्, निरीक्षण बैज्ञानिक र प्रभावकारी हुनुपर्नेमा जोड दिएका छन् ।

ख) प्र.अ. तथा शिक्षकको नजरमा सुपरिवेक्षकको अवस्था

प्रधानाध्यापक तथा शिक्षकहरूको धारणा लिनका लागि अनुसूची-३ मा राखिए बमोजिमको प्रश्नावली प्रयोग गरिएको छ जसबाट प्राप्त विचार निम्नानुसार रहेका छन् ।

विद्यालय निरीक्षकबाट निरीक्षण गरिएको अवस्थाका निम्नानुसार रहेको छ ।


तालिका ५ प्र.अ. तथा शिक्षकहरुको विद्यालय निरीक्षण सम्बन्धी प्राप्त धारणा

| क्र.स. | विद्यालय सङ्ख्या | निरीक्षण स्थिति |
|---|---|---|
| १ | २ | ० पटक |
| २ | २ | १ पटक |
| ३ | २ | २ पटक |
| ४ | ३ | ३ पटक |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण ,२०६७*

विद्यालय निरीक्षणका अवस्थाका बारेमा जानकारी लिँदा २ ओटा विद्यालयमा एकपटक पनि निरीक्षण नभएको, २ ओटा विद्यालयमा एकपटक, २ ओटा विद्यालयमा २ पटक र ३ ओटा विद्यालयमा ३ पटक निरीक्षण गरको पाइयो । यस प्रकार प्रति विद्यालय बार्षिक १.६७ पटक मात्र विद्यालय निरीक्षण हुने गरेको छ । माथि उल्लेखित प्रधानाध्यापक तथा शिक्षकहरूको विद्यालय निरीक्षण सम्बन्धी प्राप्त धारणाको तालिकालाई बार तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ ।

चित्र २ प्र.अ. तथा शिक्षकहरूको सुपरिवेक्षण सम्बन्धी प्राप्त धारणा




*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण,२०६७*

विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले विद्यालयमा कुन-कुन पक्षको कति-कति पटक निरीक्षण गरेका थिए भन्ने अवस्थाको विश्लेषण गर्दा निम्नानुसार पाइएको छ ।

तालिका ६ प्र.अ.तथा शिक्षकका नजरमा स्रोतव्यक्ति तथा वि.नि.को निरीक्षणको प्रकृति

| क्र.सं. | कार्य | कुल पटक | | औषत | |
|---|---|---|---|---|---|
| | | वि.नि. | स्रोतव्यक्ति | वि.नि. | स्रोतव्यक्ति |
| १ | विद्यालयको भौतिक तथा प्रशासनिक जाँच | ९ | ९ | १.०० | १.०० |
| २ | कक्षा अवलोकन गर्ने र शिक्षकलाई पृष्ठपोषण दिने काम | ६ | ६८ | ०.०८ | ०.९२ |
| ३ | नमुना पाठ प्रदर्शन | १ | २८ | ०.०१ | ०.३८ |
| ४ | शिक्षकहरूसँग शैक्षिक सुधारका लागि अन्तरक्रिया | १५ | ५७ | ०.२० | ०.७७ |
| ५ | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग छलफल | ० | १२ | ०.०० | १.३३ |
| ६ | विद्यार्थीहरूसँग अन्तर्क्रिया | ० | १८ | ०.०० | ०.२४ |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण ,२०६७*

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा विद्यालयको भौतिक तथा प्रशासनिक जाँच गर्ने कार्यमा विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति दुवै बराबर औषत प्रति विद्यालय १/१ पटक गर्ने गरेका, कक्षा अवलोकन गर्ने र शिक्षकलाई पृष्ठपोषण दिने काम विद्यालय निरीक्षकको औषत प्रति शिक्षक ०.०८ पटक रहेको देखिन्छ भने स्रोतव्यक्तिको ०.९२ पटक रहेको देखिन्छ । नमुना पाठ प्रदर्शन वि.नि.को ०.०१ पटक स्रोतव्यक्तिको ०.३८ पटक रहेको छ । शिक्षकहरूसँग शैक्षिक सुधारका लागि अन्तरक्रिया विद्यालय निरीक्षकको औषत प्रति शिक्षक ०.२० पटक रहेको देखिन्छ भने स्रोतव्यक्तिको ०.७७ पटक रहेको उपर्युक्त तालिकाले देखाउँछ ।

**ग) विद्यालय सुपरिवेक्षण र अन्तर्क्रिया**

अभिभावक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षको धारणा लिनका लागि अनुसूची-४ मा राखिए बमोजिमको खुला प्रश्नावली प्रयोग गरिएकामा देहायबमोजिमको विचार प्राप्त भएको छ ।

तालिका ७ अभिभावक तथा विद्यालय निरीक्षकसँग वि.व्य.समिति अध्यक्षको भेटको अवस्था

| क्र.स. | अभिभावक तथा अध्यक्षहरूको सङ्ख्या | भेट भएको पटक | प्रतिशत |
|---|---|---|---|
| १ | ४ जना | ० पटक | ४४% |
| २ | २ जना | १ पटक | २२% |
| ३ | १ जना | २ पटक | ११% |
| ४ | २ जना | ३ पटक | ३३% |
| जम्मा | ९ जना | ६ पटक | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०६७*

उपर्युक्त तथ्यलाई केलाउँदा शैक्षिक सत्र २०६६ भरिमा ४४% अध्यक्षहरुले आफ्नो विद्यालयमा निरीक्षणका क्रममा आएका वि.नि.सँग भेटघाटको मौका पाएका देखिदैंन भने ३३% अध्यक्षहरुले बर्ष भरीमा तीन पटक, २२% ले एक पटक र ११% ले दुई पटक वि.नि.सँग भेटघाट गरि सल्लाह सुझाव प्राप्त गरेको छ । विद्यालय निरीक्षकहरूसँग विद्यालय व्यवस्थापन समितिको अध्यक्षसँग भेटघाटको अवस्थालाई दर्शाउँछ । ९ जनामध्ये ४ जना विद्यालय व्यवस्थापन समिति अध्यक्षको गत शैक्षिक सत्रमा भेटै भएको देखिएन । २ जनाको एकपटक, १ जनाको २ पटक र २ जनाको ३ पटक भेट भएको छ ।

स्रोतव्यक्तिसँग वि.व्य.समिति अध्यक्षको भेटको अवस्थालाई हेर्दा निम्नानुसार रहेको छ ।

तालिका ८ स्रोतव्यक्तिसँग अभिभावक तथा वि.व्य.समिति अध्यक्षको भेटघाट तथा अन्तर्क्रियाको अवस्था

| क.स. | अभिभावक तथा अध्यक्षहरूको सङ्ख्या | भेट भएको पटक | प्रतिशत |
|---|---|---|---|
| १ | २ जना | ० पटक | २२.२ % |
| २ | ३ जना | १ पटक | ३३.३ % |
| ३ | २ जना | २ पटक | २२.२ % |
| ४ | १ जना | ३ पटक | ११.१ % |
| ५ | १ जना | ४ पटक | ११.१ % |
| जम्मा | ९ जना | १० पटक | १०० % |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण ,२०६७*

उपयुर्क्त तथ्यलाई केलाउँदा स्रोतव्यक्तिसँग अभिभावक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षको भेटघाट तथा अन्तर्क्रियाको अवस्थालाई दर्शाउँछ । जस अनुसार २२.२ % अभिभावक तथा अध्यक्षहरुको सम्बन्धित स्रोतव्यक्तिसँग एक पटक पनि भेट नभएको, ३३.३ % अभिभावक तथा अध्यक्षहरुको सम्बन्धित स्रोतव्यक्तिसँग एक पटक भेट भएको, २२.२ % अभिभावक तथा अध्यक्षहरुको दुई पटक, ११.१ % अभिभावक तथा अध्यक्षहरुको तीन पटक र बाँकी ११.१ % अभिभावक तथा अध्यक्षहरुको चार पटक सम्बन्धित स्रोतव्यक्तिहरु सँग भेट भएको देखिएको छ । अर्थात् ९ जना अभिभावक तथा अध्यक्षहरु मध्ये २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षको गत शैक्षिक सत्रमा स्रोतव्यक्ति सँग भेट भएको छैन । ३ जना अध्यक्षको एकपटक, २ जनाको दुई पटक, १ जनाको तीनपटक र १ जनाको चारपटक स्रोतव्यक्तिसँग भेट भएको देखिएको छ ।

## ४.२ विद्यालय सुपरिवेक्षणका सम्बन्धमा कार्यनीति तथा रणनीति सम्बन्धी व्यवस्था

शिक्षामा गरिएको लगानीलाई खेर जान नदिन प्रभावकारी सुपरिवेक्षणका सम्बन्धमा विगतदेखि भएका सिफारिसहरूलाई अङ्गिकार गरी आवश्यक सुधार गर्दै आएको देखिन्छ । यस परिप्रेक्ष्यमा विद्यालय सुपरिवेक्षणका सम्बन्धमा आयोगका सिफारिश, मौजुदा कानूनी व्यवस्था र विद्यालय सुधार योजना पद्धतीले अख्तियार गरेका व्यवस्था सारसंक्षेपमा उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा आयोग (२०११), **ले** विद्यालय शिक्षाको सुधार गर्नका लागि ठोसरूपमा निरीक्षण तथा सुपरिवेक्षणको व्यवस्था गरेको पाइएन । नेपालको इतिहासमा पहिलो पल्ट बनेको यस आयोगले अन्य धेरै सुधारका सिफारिश गरे तापनि बैज्ञानिक निरीक्षण पद्धतिका बारेमा खासै सुझाव दिएको देखिएन । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८), का अनुसार सम्पूर्ण शिक्षण संस्थाहरूमा सरकारको नियन्त्रण राख्ने र यसका लागि एउटा व्यवहार विधि तयार गरी लागू गर्नुपर्ने भनी सिफारिश गरी सरकारको नियन्त्रण र सुपरिवेक्षण भित्र विद्यालयहरू राखेको पाइन्छ ।

रा.शि.प.यो. (२०२८), विद्यालय निरीक्षण तथा सुपरिवेक्षणका सम्बन्धमा बढी व्यवस्थित र वैज्ञानिक बनाउन यो योजना अत्यन्तै महत्वपूर्ण छ । विद्यालय निरीक्षण २ प्रकारको हुने पहिलो विद्यालयको भौतिक साधन, शिक्षकहरूको पर्याप्तता र उपयोगको निरीक्षण गर्ने र दोस्रो प्रत्येक भइरहेको पढाईको स्तरको मूल्यांकन गर्ने, प्रत्येक वर्ष कमसेकम २ पटक विद्यालय निरीक्षण हुनुपर्ने, शिक्षा निरीक्षकले भौतिक साधान र शिक्षकहरूको कामको निरीक्षण गर्ने, प्रत्येक वर्ष शिक्षकहरूले पढाएको बारेमा निश्चित प्रकारको विवरण राख्नुपर्ने र शिक्षा निरीक्षकले सो विवरण, विद्यार्थीले गरेको पाठको विवरण, स्पष्ट हुने गरी स्तरयुक्त प्रश्नहरूद्वारा विद्यार्थीहरूको मूल्यांकन गर्ने, शिक्षकहरूलाई नमुनाका लागि पढाउन लगाउने र छलफल गर्न लगाउने, प्रावि, निमावि र माविमा अलग अलग विद्यालय निरीक्षक रहने, उपत्यका र तराईमा तीसवटा प्रा.वि.लाई एक निरीक्षक, पन्ध्रवटा नि.मा.वि. लाई एक निरीक्षक तथा दशवटा माविलाई एक निरीक्षकको साथै पहाडमा बीसवटा प्रा.विलाई एक निरीक्षक, दशवटा निमावि लाई एक निरीक्षक तथा सातवटा माविलाई एक निरीक्षकको ब्यबस्था गरेको उल्लेख छ ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), आयोगले जिल्लाहरूलाई निरीक्षण एकाइहरूमा विभाजित गर्नुका साथै प्रत्येक एकाईलाई माध्यमिक निरीक्षकको क्षेत्र बनाउने र प्राथमिक निरीक्षकहरूले माध्यमिक निरीक्षकहरूलाई सहयोग गर्ने, शिक्षकहरूलाई केही समयका लागि निरीक्षक तथा शिक्षा अधिकारीमा

नियुक्त गर्ने, निरीक्षकलाई जि.शि.अ.को प्राविधिक सहायक बनाउने र उनीहरूलाई प्रशासक नबाउने, प्राथमिक निरीक्षकहरूको योग्यता बढाउने तथा उनीहरूलाई वि.एड्. को प्रशिक्षणको व्यवस्था गर्ने, शिक्षा मन्त्रालयमा रहेको निरीक्षण शाखालाई सुदृढ गर्ने र यसले समयसमयमा निरीक्षकहरूका लागि तालिम सञ्चालन गर्ने व्यवस्था गर्ने सिफारिश गरेको देखिन्छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), ले विद्यालय सुपरिवेणका सम्बन्धमा २०४९ सालको आयोगले दिएका सिफारिशहरूलाई नै प्राथमिकतामा राखेको छ । विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न तुल्याई विद्यालयको अनुगमन गर्न तोकेको छ भने शिक्षा विभागको स्थापना गरी विद्यालयको स्तरबृद्धि गर्न ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कुरामा जोड दिएको छ । स्रोत केन्द्रको स्थापना गरी स्रोतव्यक्ति मार्फत विद्यालयको पठनपाठनलाई सुधार गर्न तोकिएको छ ।

शिक्षा नियमावली तथा शिक्षा विभागले तोकेको व्यवस्था

शिक्षा नियमावली, २०५९ को नियम १७ अनुसार निरीक्षकले महिनामा कम्तीमा एकपटक विद्यालयको निरीक्षण गर्ने, विद्यालय नियमित सञ्चालन भए नभएको, भौतिक साधन र शिक्षक पर्याप्त भए नभएको, साधनको अधिक्तम सदुपयोग भए नभएको र निर्धारित स्तरबमोजिम पठनपाठन भए नभएको, विद्यालय निरीक्षणसम्बन्धी प्रतिवेदन प्रत्येक महिना गाउँ शिक्षा समिति वा नगरपालिका र जिल्ला शिक्षा अधिकारीसमक्ष पठाउने, व्यवस्थापन समिति तथा स्थानीय शिक्षाप्रेमीहरूसँग आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने, नमुना शिक्षण गर्ने, कार्यक्षमताको मूल्याङ्कन गर्ने, शैक्षिक तथा आर्थिक अभिलेख दुरूस्त भए नभएको निरीक्षण गर्ने गराउने, शैक्षिक तथ्याङ्क तथा विश्लेषण गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने, शिक्षकलाई तालिमको लागि सिफारिश गर्ने, व्यवस्थापन समितिको बैठक नियमित बोलाउन लगाउने, स्रोतव्यक्तिको कामको अनुगमन गर्ने, बिदाको अभिलेख प्रमाणित गर्ने, शिक्षकहरूको हाजिरी छड्के जाँच वा निरीक्षण गर्ने काम, कर्तव्य र अधिकार तोकिएको देखिन्छ ।

शिक्षा विभागले तोकेअनुसार स्रोतव्यक्तिहरुका कार्यमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अरू सन्दर्भ सामग्रीसम्बन्धमा शिक्षकलाई पथप्रर्दशन गर्नु, अध्यापन विधि, शिक्षण सामग्री निर्माण तथा प्रयोगलाई आवश्यक पदपदर्शन तथा निर्देशन दिनु, नमुना पाठ प्रर्दशन गर्नु गराउनु, शैक्षिक नेतृत्व प्राप्त गर्ने वातावरण सृजना गर्नु, नयाँ नयाँ ज्ञान, सीप र प्रविधिहरूको जानकारी लिनु र शिक्षकहरूलाई त्यसको जानकारी दिनु, नयाँ शिक्षकलाई शिक्षण कार्यमा समाहित हुने काममा सजिलो बनाउनु, शैक्षिक समस्याहरू पहिल्याउनु र त्यसको निराकरणमा शिक्षकहरूलाई पथप्रदर्शन गर्नु, शिक्षकहरू छोटो अवधिको तालिम, कार्यशालाको आयोजना गर्नु, विद्यालयको सामूहिक सुपरिवेक्षण गर्ने, प्रश्न निर्माण,

तिनको प्रयोग र नतीजाको अध्ययन विश्लेषण गर्नु, गुणस्तर कायम राख्न सक्रिय रहनु र शैक्षिक अनुसन्धानबारे जानकारी राख्नु पर्ने भनी स्रोतव्यक्तिले गर्नुपर्ने कार्यहरू तोकिएको देखिन्छ ।

### ४.३ विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख भएका कार्यनीतिहरू

सरकारले सवैकालागि शिक्षा कार्यकमको निरन्तरताको रूपमा विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई अगाडि वढाएको छ । यस कार्यकमको कार्यान्वयनमा चार चरणहरू आधारभूत शिक्षा तहको मोडेल विकास, व्यवस्थापनबाट आधारभूत तहको पुनःसंरचना, माध्यमिक तहको मोडेल विकास र माध्यमिक तहको पुनःसंरचनाको चरण हुने उल्लेख छ ।

रसुवा, कपिलवस्तु र डडेल्धुरा गरी तीन ओटा जिल्लामा मोडेल विकाससम्बन्धी अभ्यास सन् २००७ देखि सुरू भएको, आधारभूत तहको (कक्षा १-८) पुनःसंरचना गर्ने काम २०१० को शैक्षिक सत्रबाट आरम्भ गरिने र चरणबद्ध रूपमा सन् २०१२ सम्ममा सो कार्य देशभरि सम्पन्न हुने र माध्यमिक तहको व्यवस्थापनसम्बन्धी मोडल विकासको कार्य सन् २००९/१० मा सुरू गरी सन् २०१२/१३ र त्यसपछि पनि निरन्तरता दिइने, सन् २०१२ मावि तहको पुनःसंरचनाको कार्य सुरू गरी सन् २०१५ को अन्तमा पुनःसंरचनाको कार्य सम्पन्न गर्ने कार्यान्वयन रणनीतिहरू अगाडि सारेको देखिन्छ ।

अनुगमन र मूल्याङ्कन प्रणाली विद्यालय क्षेत्र सुधार योजनाको अभिन्न अङ्ग हुने उल्लेख छ । यसको मुख्य लक्ष्य सेवा व्यवस्थापन, (जस्तैः योजना, वित्तीय व्यवस्था, शिक्षक व्यवस्थापन आदि) र सेवा प्रवाह (जस्तैः शैक्षणिक प्रक्रिया, परीक्षा, शैक्षिक सामग्री आदि) प्रणालीका नतिजासँग रणनीतिक सम्बन्ध स्थापना गर्नु हुनेछ । यसरी हरेक प्रक्रियालाई नतिजासँग आबद्ध गरी प्रत्येक तहमा विद्यालय क्षेत्र सुधार कार्यक्रमका लक्ष्य र उद्देश्य (जस्तैः सिकाइ, समता, समुदाय सहभागिता आदि) अनुरूप भएका उपलब्धिलाई निरन्तर लेखाजोखा गरिनेछ ।

अनुगमन र मूल्याङ्कन कार्य राष्ट्रिय, क्षेत्रीय, जिल्ला, गाउँ/नगर तथा विद्यालय तहमा सञ्चालन गर्ने व्यवस्था छ । प्रत्येक तहमा अनुगमन कार्यलाई वार्षिक योजना तथा समीक्षा चक्रसँग मिलान गरिने र सम्बन्धित अधिकारीहरूमार्फत सञ्चालन गरिने छ । निश्चित उद्देश्य र सूचकहरूका अधीनमा रही तल्लो निकायका उपलब्धिका अनुगमन र मूल्याङ्कन हुनेछ । यस कार्यक्रमअर्न्तगत, मूलतः तीनओटा अनुगमन तथा मूल्याङ्कन पद्धति अवलम्बन गरिनेछ, नियम कानुन सङ्गत कार्यक्रम सञ्चालन भए नभएको लेखाजोखा गर्ने, लक्ष्यअनुरूप कार्य भए नभएको मापन गर्ने र अख्तियार गरिएका नीति/रणनीतिको क्षेत्रगत लक्ष्य र उद्देश्यमा परेको प्रभाव मूल्याङ्कन गर्ने रहेको छ ।

शिक्षा ऐन, नियम तथा नीतिगत प्रावधानअनुसार विद्यालय तहमा कार्यक्रम सञ्चालन भए नभएको (जस्तैः तोकिएको दिन विद्यालय चले नचलेको, शिक्षक आचारसंहिता तयार गर्ने विद्यालयको अनुपात) एकिन गर्न शिक्षा समिति आफै वा बाह्य निकायमार्फत अनुगमन/मूल्याङ्कनसम्बन्धी अध्ययन गराउन सक्ने नीति अवलम्वन गरिएको छ ।

## ४.४ विद्यालय क्षेत्र सुधार कार्यक्रममा उल्लेख भएका रणनीतिहरू

विद्यालयको संरचनाले कक्षा १ देखि १२ लाई समेट्ने छ, जसमा आधारभूत शिक्षा कक्षा १-८ र माध्यमिक शिक्षा ९-१२ को हुने, व्यावसायिक शिक्षा पद्धति कक्षा ९ बाट सुरू हुनेछ र यसका २ तहहरू हुने, २ वर्षे जुनियर प्राविधिक र ४ वर्षे सिनियर प्राविधिक रहने र अनौपचारिक शिक्षाका विद्यार्थीहरूले विद्यालयको परीक्षाका आधारमा मूलधारमा आउन पाउने व्यवस्था छ । बालविकास केन्द्रले आधारभूत शिक्षामा पहुँच तथा गुणस्तरीयतामा पुऱ्याएको योगदानका दृष्टिले यस कार्यक्रमलाई समुदायमा आधारित गैरसरकारी संस्थाहरूको समन्वयमा विद्यालयहरू तथा समुदायहरू दुवैमा विस्तार गरिने उल्लेख छ ।

हाल कक्षा १ मात्र सञ्चालन भएका कक्षा १-२, १-३, १-४, १-५, ६-८, ६-१०, ८-१०, ११-१२ आदि छिरलिएर सञ्चालन भएका व्यवस्थालाई कक्षा १-८ आधारभूत र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको निश्चित संरचनामा एकीकृत गरिने, आधारभूत तहमा तीन ओटा चरणहरू कक्षा १-३ प्रारम्भिक चरण, कक्षा १-५ प्राथमिक चरण तथा कक्षा १-८ उच्च प्राथमिक चरण र माध्यमिक तहमा २ चरणको विद्यालय शिक्षा हुने माध्यमिक कक्षा ९-१० तथा उच्च माध्यमिक कक्षा ११-१२ उल्लेख छ ।

विद्यालय व्यवस्थापन समितिबाट गरिने विद्यालयमा आधारित व्यवस्थापनलाई निरन्तरता दिइने, जसले अभिभावकहरूलाई विद्यार्थीको उपलब्धि र स्थानीय सरकारलाई सामाजिक समावेशीकरणका साथै नियम पालनाका सम्बन्धमा प्रतिवेदन दिनेछ । प्रधानाध्यापकलाई शैक्षिक पक्षहरूमा (जस्तैः शिक्षक तोक्ने र व्यावसायिक सुपरिबेक्षण) र प्रशासकीय पक्षहरू (जस्तैः शिक्षकहरूको समय तालिका मिलाउने, अभिलेख राख्ने, अध्यापनमा संलग्न नहुने कर्मचारीहरूको व्यवस्थापन गर्ने) भूमिका हुने, प्र.अ.लाई मापदण्ड तथा स्तर निर्धारण गर्ने, शिक्षकहरूको कार्यसम्पादनको लेखाजोखा गर्ने तथा पृष्टपोषणका लागि कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य हुनेछ ।

विद्यालयले विद्यार्थीहरूको नियमित उपस्थितिलाई प्रोत्साहन गर्नका लागि रणनीतिहरू तयार गर्ने छ । यसमा नियमित हाजिर हुनेलाई प्रोत्साहन, विद्यालय छाड्ने जोखिममा रहेका विद्यार्थीहरूलाई विशेष सहायता, न्यून उपलब्धि हासिल गरिरहेका विद्यार्थीहरूलाई उपचारात्मक शिक्षण आदि ।

विद्यालय व्यवस्थापन समितिले प्र.अ.तथा शिक्षकहरूसँगको सरसल्लाहबमोजिम शिक्षकहरूको कार्यसम्पादन जस्तै सिकाइउपलब्धि, नियमितता, समयमा गर्नुपर्ने कामहरू सम्पन्न गर्ने आदिका विषयमा सहमत गर्नेछ । यी लक्ष्यहरू प्राप्त गर्ने शिक्षकहरूलाई प्रोत्साहन, जस्तैः प्रशंसापत्र, ग्रेड वृद्धि, आदि प्रदान गर्न सकिनेछ । यसरी सुपरिवेक्षण कार्यलाई प्रभावकारीरुपमा व्यवस्थित बनाउदै लेजाने र गुणस्तरीय शिक्षा उपलव्ध गराउने विषयमा सरकार ज्यादै गम्भिर भै आवश्यक समीक्षाका साथ अगाडी वढेको देखिन्छ ।

सुपरिवेक्षणको रणनीति भनेको शिक्षण सिकाइमा सुधार ल्याउने हो र यसको कार्यनीति भनेको विद्यार्थी उपलब्धी बढाउन मद्धत् पुऱ्याउनु हो । यसर्थ सुपरिवेक्षणलाई शिक्षकको शिक्षण कार्यमा सुधार ल्याउने एउटा शसक्त माध्यमको रुपमा लिइन्छ । प्रस्तुत शोध क्षेत्रका सरोकारवालाहरु सँगको अन्तर्क्रिया तथा प्रश्नावलीका आधारमा सुपरिवेक्षण औपचारिकतामा मात्र रहेको र प्रभावकारि हुन नसकेको आशय जि.शि.अ., वि.नि., स्रोतव्यक्ति, प्र.अ., शिक्षक, अभिभावक एवं विद्यार्थीको समेत रहेको छ । उक्त धारणालाई तालिकामा समेत प्रस्तुत गरिएको छ ।

तालिका १०　　सुपरिवेक्षणको रणनीति तथा कार्यनीतिको सम्बन्धमा सरोकारवालाको धारणा

| क्र.सं. | सरोकारवाला | धारणा |
|---|---|---|
| १. | जि.शि.अ. | विद्यालयको सम्पूर्ण पक्षको अवलोकन, समस्यालाई नजिकबाट बुझ्ने र समाधानको उचित उपाय सुझाउने |
| २. | वि.नि. / स्रोतव्यक्ति | शिक्षक तथा प्र.अ.सँग छलफल तथा अन्तर्क्रिया गर्ने |
| ३. | प्र.अ. / शिक्षक | शिक्षकको समस्या बुझेर सो को निराकरण गर्नुपर्ने एवं छलफल तथा अन्तर्क्रिया नियमित हुनु पर्ने |
| ४. | अभिभावक तथा वि.व्य.स.अध्यक्ष | विद्यालयका समस्यालाई सम्बोधन हुने कार्यक्रमको निर्माण हुनुपर्ने साथै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको समेत निरीक्षण हुनु पर्ने |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०६७*

माथिको तालिकामा उल्लेख भए अनुसार सरोकारवालाको धारणालाई एकमुष्ट रुपमा हेर्ने हो भने सुपरिवेक्षणको मूल रणनीति भनेको विद्यालयको समग्र पक्षको अवलोकन गर्ने, समस्या पत्ता लगाउने र सही समाधानको उपाय बताउने नै रहेको देखिन्छ । तसर्थ सुपरिवेक्षण समग्रमा विद्यालयीय क्रियाकलाप हो र यसको प्रमुख उद्धेश्य नै शिक्षण सिकाइसँग सम्बन्धित रहन्छ ।

## ४.५ विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरू

विद्यालय निरीक्षण तथा सुपरिवेक्षणमा नीतिगतरुपमा जे जस्तो प्रावधान विद्यमान रहेको भएतापनि व्यवहारमा त्यस्तो भएको पाईंदैंन । नीतिगत तथा कायृक्रमगत रुपमा तोकिए झैं विद्यालयमा सुपरिवेक्षण भएको देखिदैंन । शिक्षकको पेशागत सहयोगका लागि व्यवस्था गरिएका स्रोतव्यक्तिहरुको क्षमता अभिवृद्धिमा ठोस कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । पटक पटक गरी नीतिमा भएको परिवर्तनले स्रोतव्यक्तिहरुको मनोवल कमजोर रहेको छ । स्रोतव्यक्तिहरुलाई शिक्षकलाई सहयोग गर्ने कार्यमा भन्दा पनि विद्यालयमा परम्परागत निरीक्षण, तथ्यांक संकलन र अन्य सूचना संकलन कार्यमा प्रयोग गरिएको छ । दुर्गम क्षेत्रमा रहेका विद्यालयहरुमा सुपरिवेक्षण सम्बन्धी कार्य हुन सकेको छैन । प्राथमिक विद्यालयको तुलनामा निम्न माध्यमिक र माध्यमिक विद्यालयहरुमा सुपरिवेक्षणका कार्यहरु हुन सकेको देखिदैंनन् । सुपरिवेक्षण कार्यमा खटिने स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुको क्षमता अभिवृद्धि, आधारभूत बन्दोबस्ती तथा सुविधा, उनीहरुको कार्यको अनुगमन गर्ने कार्य आवश्यकतानुसार हुन सकेको छैन ।

एउटा स्रोतव्यक्ति वा विद्यालय निरीक्षकले एउटा विद्यालयमा के कति समय बिताउनु पर्ने ? सुपरिवेक्षणको ढाँचा कस्तो हुने ? के कस्ता प्रक्रिया अपनाउनु पर्ने भन्ने सम्बन्धमा एकरुपता भएको पाईदैंन । यो व्यक्ति व्यक्तिमा फरक फरक रहने गरेको पाइन्छ । स्पष्ट आधारको अभावमा छिटोछिटो सरुवा भै सुपरिवेक्षणमा आउने विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति पिच्छे फरक फरक धारणाले गर्दा विद्यालयका शिक्षकहरुमा समेत अन्यौल रहेको अवस्था छ ।

विद्यालय निरीक्षकहरुको अधिकांश समय शैक्षिक कार्यक्रम भन्दा पनि प्रशासनिक कार्यहरुमा जस्तै : तालिम, सेमीनार, गोष्ठी, बैठक, अनौपचारिक प्रौढ शिक्षा तथा बालविकास केन्द्र सम्बन्धी कार्यक्रममा व्यस्त रहनुपर्ने भएकाले उनीहरु विद्यालयमा सुपरिवेक्षण कार्यमा समय दिन पाएका छैनन् । सुपरिवेक्षण नितान्त प्राविधिक कार्य भएकोले निरीक्षकमा विषयको ज्ञान, सीप आदि हुनु जरुरी भए तापनिहाल कार्यरत स्रोतव्यक्ति र विद्यालय निरीक्षक विषयगत रुपमा नभई साधारण (Generalist) को अवधारणामा ल्याइएको पाइन्छ । यसबाट शिक्षकहरुले विशिष्टिकृत (Specialist) को रुपमा पाउनुपर्ने सेवा पाउन नसकेको हुनाले शिक्षकहरु स्वयं विद्यालय निरीक्षक एवं स्रोतव्यक्तिको सहयोग प्रति सकारात्मक बन्न सकेको छैनन् । लामो समयसम्म विषयगत दक्षता हासिल गरी शिक्षण पेशामा दक्ष रहेका शिक्षकहरु भर्खरै कोरा ज्ञानबाट आएका निरीक्षकहरु तथा स्रोतव्यक्ति प्रति विश्वस्त हुन सकेको अवस्था देखिदैन ।

विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरूका बारेमा सरोकारवालाहरू जि.शि.अ., वि.नि., स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, प्र.अ. तथा शिक्षक र विद्यार्थीहरूकासँग छलफल, अन्तरक्रिया र प्रश्नावलीका माध्यमबाट प्रतिक्रिया लिई त्यसको विश्लेषण गरिएको छ ।

तालिका ११ सरोकारवालाहरूको नजरमा सुपरिवेक्षणका समस्याहरू

| सरोकारवाला | सुपरिवेक्षणको समस्याका सम्बन्धमा प्राप्त भएका धारणा/विचार |
|---|---|
| जि.शि.अ. | - विद्यालय संख्याको अनुपातमा वि.नि.को दरबन्दी कम हुनु,<br>- वि.नि./स्रोतव्यक्ति सुपरिवेक्षणको लागि आफैं अग्रसर नहुनु,<br>- वि.नि./स्रोतव्यक्तिसँग उच्च दक्षता नरहेको,<br>- भौगोलिक विकटता हुनु,<br>- जि.शि.का.मा कामको बोझ बढी हुनु,<br>- जवाफदेहीता र जिम्मेवारी बोधको कमी हुनु |
| वि.नि./स्रोतव्यक्ति | - भोगोलिक विकटता,<br>- सेवा सुविधामा कमी,<br>- स्रोतव्यक्तिको लागि सहायक कर्मचारीको व्यवस्था नहुनु,<br>- पारिश्रमिक कम हुन साथै दैनिक तथा भ्रमण भत्ताको व्यवस्था नहुनु,<br>- आफूले दिएको प्रतिवेदन उपर कुनै किसिमको कारवाही नहुनु,<br>- पृष्ठपोषण दिएर पनि विद्यालयले त्यसलाई ग्रहण नगर्ने अवस्था रहेको,<br>- जि.शि.का.मा शाखा अधिकृत र वि.नि.बीचमा गरिने विभेदपूर्ण व्यवहार<br>- कामको बोझ बढी भएको,<br>- पुरस्कार र दण्डको व्यवस्था नहुनु,<br>- राजनैतिक हस्तक्षेप बढी हुनु, |

| | |
|---|---|
| | - माथिल्लो निकायको दवाव हुनु । |
| प्र.अ. /शिक्षक | - वि.नि.हरु नियमितरुपमा विद्यालय नआउने,<br>- वि.नि.हरुले कक्षा अवलोकन कम गर्ने गरेको,<br>- शिक्षक तालिमलाई महत्व नदिएको,<br>- विषयगत सुपरिवेक्षणको अभाव हुनु,<br>- प्रा.अ.बाट शिक्षण सिकाइलाई सहयोग पुग्ने गरी खासै अवलोकन हुने नगरेको |
| विद्यार्थी | - वि.नि. तथा स्रोतव्यक्तिहरु नियमित विद्यालय नआउने,<br>- विद्यालय आए पनि कक्षाकोठामा प्रवेश नगर्ने<br>- विद्यार्थीका समस्याका बारेमा अन्तर्क्रिया तथा छलफल हुने नगरेको |
| वि.व्य.स. | - नियमितरुपमा विद्यालय सुपरिवेक्षणको लागि नआउने,<br>- वि.नि. /स्रोतव्यक्ति र विद्यालय बीचको दुरी बढी हुनु<br>- विद्यालयका गुनासा र समस्याको बारेमा छलफल तथा अन्तर्क्रिया नभएको |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०६७*

यसरी विद्यालयको अनुपातमा वि.नि तथा स्रोतव्यक्तिहरूको दरवन्दि कम हुनु, सुपरिवेक्षण कार्य प्रति वि.नि. तथा स्रोतव्यक्तिहरू मात्र हैन प्र.अ. तथा शिक्षक र अभिभावहरू समेत उत्ती चासो दिने नगरेको अवस्थाले पनि सुपरिवेक्षण प्रभावकारी नभएको र समस्याहरू उत्पन्न भएको भनाई रहेको छ । त्यस्तै एउटा कामका लागि नियुक्ति गरिएकोमा अन्य विभिन्न समानस्तर र सो भन्दा माथिल्लो पदको काममा संलग्न हुने कारण पनि सुपरिवेक्षण कार्य प्रभावकारी हुन सकेको छैन ।

**समस्या समाधानका उपायहरु**

विद्यालय सुपरिवेक्षणको प्रमुख उद्धेश्य शिक्षकलाई सहयोग गर्नु हो । यो नियन्त्रणमुखी भन्दा पनि सहयोगी किसिमको हुन्छ । यसले निरीक्षण भन्दा पनि पेशागत सहयोग तथा क्षमता विकासमा जोड

दिने गर्दछ । यो एउटा प्रक्रिया हो । विद्यालय सुपरिवेक्षणलाई विकासमुखी अभ्यास बनाउन शिक्षक र सुपरिवेक्षक बीचमा रहेको दुरी घटाउनु पर्नेछ । विद्यालय सुपरिवेक्षण कार्यलाई आन्तरिक अर्थात् विद्यालयभित्र विद्यालय तहबाट नै गर्ने र बाह्य सुपरिवेक्षण स्रोतव्यक्ति वा विद्यालय निरीक्षकबाट गर्ने व्यवस्था कायम गरिनु उपयुक्त हुन्छ । सुपरिवेक्षण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन स्थानीय तहमा सूचना आधार तयार गर्नुपर्छ । सुपरिवेक्षण कार्यलाई सुपरभाइजर र विद्यालयको संयुक्त जवाफदेहीताको विषय बनाइनु पर्छ । राम्रो नतिजाको लागि दुबै जिम्मेवार बनाइने व्यवस्थाले जवाफदेहीता बढ्ने गर्दछ ।

विद्यामान स्रोतकेन्द्र सम्बन्धी व्यवस्थापनमा पुनरावलोकन जरुरी छ । स्रोतव्यक्ति समूह विद्यालयबाट बरिष्ठ, विषय विज्ञ व्यक्ति मध्येबाट लिइनु पर्दछ । स्रोतकेन्द्रमा आधारभूत तहको सुविधा सुनिश्चित गरिनुपर्दछ । स्रोतव्यक्तिलाई नितान्त शैक्षिक कार्यमा लगाउन स्रोतकेन्द्र तहमा सहायक कर्मचारीको व्यवस्था गर्नुपर्दछ । स्रोतकेन्द्रमा स्रोतव्यक्ति जिल्ला शिक्षा कार्यालयको एक्स्टेन्डेड आर्म (Extended arm) को रुपमा राख्नु पर्दछ । स्रोतव्यक्ति एवं विद्यालय निरीक्षकको क्षमता अभिवृद्धिमा जोड दिनुपर्दछ ।

यस अध्ययनमा यस प्रकारका समस्याहरू पाइएकाले सरोकारवालाहरूको धारणसमेतलाई मध्यनजर राखी सुपरिवेक्षणमा सुधार ल्याउन सकिन्छ ।

तालिका १२ सरोकारवालाहरूको नजरमा सुपरिवेक्षणमा देखिएका समस्या समाधानका उपायहरू

| क.स. | उत्तरदाता | समाधानका उपायहरू |
|---|---|---|
| १. | जि.शि.अ. | १. विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिलाई पेसागतरूपमा कुशल एवम् दक्ष बनाउनु पर्छ । |
| | | २. विशेष कार्यक्रमका लागि थप छुट्टै सुविधा उपलब्ध गराउनु पर्छ । |
| | | ३. शिक्षा मन्त्रालय अन्तर्गतका कर्मचारीहरूलाई प्राप्त अवसर जस्तै, उच्च शिक्षा अध्ययन, विदेश भ्रमण तथा तालिम आदि बिना भेदभाव उपलब्ध गराउनु पर्ने । |
| २. | वि.नि. / स्रोतव्यक्ति | १. वि.नि. तथा स्रोतव्यक्तिले दिएको प्रतिवेदनलाई कार्यान्वयन गरिनु पर्ने । |

| | | |
|---|---|---|
| | | २. शिक्षा मन्त्रालयअन्तर्गतका कर्मचारीहरूलाई प्राप्त अवसर जस्तै, उच्च शिक्षा अध्ययन, विदेश भ्रमण तथा तालिम आदि बिना भेदभाव उपलब्ध गराउनु पर्ने । |
| | | ३. विद्यालय निरीक्षकको योग्यता स्नाकोत्तर तह र श्रेणी राजपत्राङ्कित द्वितीय बनाउनु पर्ने । |
| | वि.नि. / स्रोतव्यक्ति | ४. वि.नि.तथा स्रोतव्यक्तिहरूलाई बढी प्रशासनिक अधिकार दिनुपर्ने । |
| | | ५. स्रोतव्यक्ति तथा वि.नि.हरूको शैक्षिक योग्यता बढाउनु पर्ने । |
| | | ६. फिल्डमा काम गर्नेलाई सुविधाहरू बढाउनु पर्ने । |
| | | ७. सीपमा आधारित अल्पकालीन र लामो अवधिको तालिम वि.नि. तथा स्रोतव्यक्तिहरूलाई दिइनु पर्ने । |
| | | ८. बिना भेदभाव कामको मूल्याङ्कन गरी दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने । |
| | | ९. कार्य सम्पादनमा आधारित पारदर्शी एवम् पूर्वाग्रह रहित बढुवा नीति अख्तियार गरिनु पर्ने । |
| | | १०. सरूवा नीति पारदर्शी हुनुपर्ने कोही दुर्गममा बसीरहनु पर्ने र कोही चाँहि सुविधा सम्पन्न ठाउँमा बसी रहन पाउने हुन नहुने । |
| | | ११. एकै तहका कर्मचारीहरूलाई कार्यको समान अवसर दिइनुपर्ने । कसैले सधैँ टेबल वर्क गरिरहने र कसैले चाहिँ फिल्डको काम मात्र गर्नुपर्ने हुन नहुने । |
| | | १२. विद्यालय राजनीतिबाट मुक्त रहनु पर्ने सबैको साझा उद्देश्य शैक्षिक सुधार गर्ने हुनुपर्ने । |

| | | |
|---|---|---|
| | | १३. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई पनि थोरै भए पनि भत्ताको व्यवस्था हुनुपर्ने त्यसो भए उनीहरूले विद्यालयका लागि बढी समय दिन सक्ने थिए । |
| | | १४. मागमा आधारित सुपरिवेक्षण हुनुपर्ने । |
| | | १५. प्र.अ.ले बढी समय अन्य शिक्षकहरूको कक्षा अवलोकन र विद्यालयको  व्यवस्थापनमा ध्यान दिनुपर्ने । |
| ३. | प्र.अ./शिक्षक | १. विद्यालय सुपरिवेक्षण शिक्षकलाई शैक्षिक सुधारका लागि अन्तरक्रिया गर्ने खालको हुनुपर्ने । |
| | | २. विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले आफ्ना सकारात्मक क्रियाकलाप र शैक्षिक सहयोग मार्फत् शिक्षकसँग असल सम्बन्ध स्थापना गर्नुपर्ने । |
| | | ३. विद्यालयका समस्याहरू समाधान गर्न वि.नि. तथा स्रोतव्यक्तिले सहयोग गर्नुपर्ने । |
| | | ४. वि.नि.तथा स्रोतव्यक्तिको सहयोगमा छोटो समयका सीप उन्मूख तालिमहरू विद्यालयले आयोजना गर्नुपर्ने । |
| | | ५. स्रोतकेन्द्र स्तरमा विषयगत कार्याशालाहरू आयोजना गरिनु पर्ने जसले विषय शिक्षकहरूका विषयगत समस्या समाधान गर्न सहयोग गर्नेछ । |
| | | ६. वि.नि., स्रोतव्यक्ति तथा प्र.अ.ले अन्य विद्यालयबाट विषयविज्ञहरूलाई कक्षा अवलोकन गरी पृष्ठ घोषणा दिन आमन्त्रण गर्नुपर्ने । |

| | | |
|---|---|---|
| | | ७. विद्यालय व्यवस्थापन समितिले विद्यालयको भ्रमण गर्ने र शिक्षाको गुणस्तर विकासका लागि विद्यालयको भौतिक सुविधा विस्तार र शिक्षकलाई हौसला प्रदान गर्नु पर्ने । |
| | | ८. वि.नि. र स्रोतव्यक्तिले कहिलेकाँही शिक्षक, विधार्थी अभिभावकहरूको भेला बोलाई अन्तरक्रिया गर्ने र आवश्यक पृष्ठपोषण दिने काम गर्नु पर्छ । |
| ४. | अभिभावक तथा वि.व्य.स.अध्यक्ष | १. वि.नि. र स्रोतव्यक्तिले कहिलेकाँही शिक्षक, विधार्थी अभिभावकहरूको भेला बोलाई अन्तरक्रिया गर्ने र आवश्यक पृष्ठपोषण दिने काम गर्नु पर्छ । |
| | | २. वि.नि. र स्रोतव्यक्ति बढी जिम्मेबार भई नियमले तोकेअनुसार विद्यालयको सुपरिवेक्षण गरी शिक्षकलाई शिक्षण कार्यमा सहयोग गर्नु पर्ने । |
| | | ३. वि.नि. र स्रोतव्यक्तिले कक्षा अवलोकन गरी शिक्षकलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्ने । |
| | | ४. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई पनि थोरै भए पनि भत्ताको व्यवस्था हुनुपर्ने त्यसो भए उनीहरूले विद्यालयका लागि बढी समय दिन सक्ने थिए । |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०६७*

विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले शिक्षकहरूको ज्ञान, सीप र पेसाप्रतिको प्रतिबद्धतामा महत्वपूर्ण भूमिका खेल्छ । एउटा दक्ष, जान्ने, कर्तव्यपरायण, सक्रिय र नियमित सुपरिवेक्षण गर्ने सुपरिवेक्षकले शिक्षकलाई प्राविधिकरूपले सहयोग गर्न सक्ने हुन आवश्यक छ । अहिलेको परिवेशमा पाठ्यक्रमिक गतिविधिका लागि सुपरिवेक्षकलाई एउटा महत्वपूर्ण पक्षको रूपमा स्वीकार गरिएको छ ।

शिक्षा मन्त्रालय र मातहतका संस्थाको संस्थागत क्षमता पहिचान गर्ने सम्वन्धमा भएको एक अध्ययनले ४५ प्रतिशत निरीक्षक निरीक्षणमा कहिले विद्यालय नपुग्ने गरेको, कुलमा २१ प्रतिशत निरीक्षक मात्रै

बर्षमा एकपटक विद्यालयमा जाने गरेको तथा २ प्रतिशतले मात्रै बर्षको ६ पटक निरीक्षण गर्ने गरेको तथ्य औल्याएका छन् । मौजुदा व्यवस्था अनुसार निरीक्षण कार्य गर्न नसकेको अवस्थालाई हेर्दा यस सम्बन्धमा गरिएका सरकारी व्यवस्था पुनरावलोकन गरी वैज्ञानिक र समयसापेक्ष बनाउन आवश्यक देखिन्छ । सुविधा बृद्धि गर्ने, आवश्यक स्रोत र साधनको उपलब्ध गराउने, तालिम लगायत दक्षता बृद्धिका लागि नीति बनाउने, अनुशासित बनाउँदै कर्तव्यप्रति जिम्मेबार तुल्याउन सक्ने वातावरण निर्माण गरी विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउन तत्काल सरकारी निकाय र सरोकारवालाहरूले पहल गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले विद्यालयको पठनपाठनमा के कस्तो सहयोग गरेका छन् त्यसको कस्तो प्रभाव रहेको छ भन्ने कुराहरूको साथै राजधानी नजिकको जिल्ला भएर पनि अन्य जिल्लाहरूको तुलनामा खासै शैक्षिक प्रगती गर्न नसकेको सिन्धुपाल्चोक जिल्लाको वर्तमान शैक्षिक अवस्थामा सुधार ल्याउन आवश्यक छ । विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूको निममितता, शिक्षक, विद्यालय व्यवस्थापन समितिसँगको अर्न्तक्रिया, कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन, तालिम कार्यक्रम संचालन, शैक्षिक सूचनाको अभाव, पाठ्यक्रम सम्बन्धी जानकारी लगायत पक्षहरूमा सुधार हुन नसकेको अबस्था छ । टेलर (सन् १८५६) ले भने झैं कुनैपनि काम गराउनु छ भने व्यवस्थापकले ध्यान दिएर आफ्ना कर्मचारीलाई त्यहि अनुसार कार्य लगाउनु पर्दछ भन्ने सिद्धान्त अनुसार यस जिल्लामा जिल्ला शिक्षा अधिकारीले आफू मातहतका कर्मचारीलाई सुपरिवेक्षण लगाउने प्रयास गरेको देखिन्छ । शिक्षण सिकाइमा उत्तम विधिहरु प्रतिपादन गर्नुपर्दछ र निरीक्षकले ति विधिहरु बमोजिम शिक्षकहरुले कक्षा शिक्षण गरे नगरेको खोजी गर्नुपर्दछ भन्ने यस सिद्धान्तको धारणा यस शोधको अध्ययनको क्रममा प्राप्त भएको छ । तर हर्जवर्ग (१९२१) ले प्रतिपादन गरेको उत्प्रेरक-आरोग्य सिद्धान्तले दर्शाए जस्तो कर्मचारीलाई आफ्नो कार्य वातावरणमा उत्प्रेरित गर्ने तत्वको अभाव भएको पाइन्छ । पुरस्कार दण्डको न्यायोचित वितरण हुन नसकेको, सुपरिवेक्षणमा जाने र नजाने दुवै थरिका कर्मचारीलाई गरिने व्यवहारमा समानता रहेका, सुपरिवेक्षकले सुपरिवेक्षण पछि दिएका सुझावहरुलाई कार्यान्वयन गर्न माथिल्लो निकायले चासो नदिएको हुँदा हर्जवर्गको उत्प्रेरक तत्वहरुमा रहेका उपलब्धी, उन्नति, विकास, चुनौतिपूर्ण काम, पहिचान, उत्तरदायित्व जस्ता कुराहरु उत्कृष्ट कार्यसम्पादनको लागि उत्प्रेरक तत्वको रुपमा यो सिद्धान्त यहाँ आकर्षक भएको देखिदैंन ।

प्रस्तुत क्षेत्रमा गरिएको यो अध्ययनले शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी नबनाई शैक्षिक शिक्षण प्रक्रियमा सुधार आउन नसकिने देखियो । विभिन्न सरोकारवलाहरूसँग भएको छलफल तथा अन्तरक्रिया, प्रश्नावलीहरूको विश्लेषणबाट प्राप्त गरिएका निष्कर्षअनुसार वि.नि.हरू वर्षमा औषत १.६७ पटक मात्र विद्यालयमा गएको अवस्था छ भने यसको तुलनामा स्रोतव्यक्तिहरू २ पटक भन्दा बढी विद्यालय निरीक्षणका लागि जाने गरेको पाइएको छ । जिल्लामा कार्यरत ५० प्रतिशत वि.नि. र ७५

प्रतिशत स्रोतव्यक्तिले मासिक कार्य योजना पेश गर्ने र सोही आधारमा प्रतिवेदन पेश गर्ने गरेको देखिएको छ । कक्षा अवलोकन, हाजिरी जाँच, नुमना पाठ प्रदर्शन, शिक्षकसँग अन्तरक्रिया, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँगको अन्तरक्रिया र विद्यार्थीसँगको अन्तरक्रियाजस्ता प्राविधिक पक्षहरूमा धेरै चासो र चिन्ताका साथ कार्य गरेको देखिदैन । वि.नि.हरू प्रशासनिक निरीक्षणमा बढी केन्द्रिकृत भैरहेको अवस्था छ भने स्रोतव्यक्तिहरूबाट पनि तोकिएअनुसारको जिम्मेवारीका साथ कार्य गर्न सकेको देखिएन । विद्यालयका प्र.अ.हरू पनि सुपरिवेक्षणका लागि चिन्तित भएको देखिएन । विद्यार्थीहरूको नजरमा पनि वि.नि. तथा स्रोतव्यक्तिहरूको वारेमा अधिकांश अनभिज्ञता रहेको अवस्थाले पनि उनीहरूको कार्यको प्रभावकारीताको मूल्याङ्कन गर्न सकिन्छ । स्रोतव्यक्तिहरुले तोकिए बमोजिम विद्यालय निरीक्षण गरेको देखिएन ।

विद्यालय सुपरिवेक्षण कार्यलाई व्यवस्थित बनाउन विभिन्न आयोग तथा समितिका सिफारिसहरु, शिक्षा ऐन र नियमावलीमा भएको व्यवस्था, विभागले गरेको व्यवस्था, सवैका लागि शिक्षाको निरन्तरताको रुपमा संचालन गरिएको विद्यालय क्षेत्र सुधार योजनाका कार्यनीति तथा रणनीतिहरूमा भएको व्यवस्थामा यस कार्यक्रम अर्न्तगत, मूलतः तीनओटा अनुगमन तथा मूल्याङ्कन पद्धति, नियम कानुन सङ्गत कार्यक्रम सञ्चालन भए नभएको लेखाजोखा गर्ने, लक्ष्यअनुरूप कार्य भए नभएको मापन गर्ने र अख्तियार गरिएका नीति/रणनीतिको क्षेत्रगत लक्ष्य र उद्देश्यमा परेको प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था छ । साथै सुपरिवेक्षण कार्यलाई अझ सुदृढ वनाउदै विद्यालयको व्यवस्थापन लगायतका पक्षहरुमा स्थानीय निकायलाई थप जिम्मेवार बनाउने उल्लेख गरेको देखिन्छ ।

विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरू कुशल र दक्ष हुनु पर्दछ, उनीहरूको अधिकार तथा कर्तव्यको क्षेत्राधिकार बृद्धि गर्नुपर्छ, शैक्षिक योग्याता वढाउनु पर्ने, फिल्डमा खटिनेलाई दिइएको सुविधा न्यून भएको, कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनु पर्ने, कार्य सम्पादनमा आधारित बढुवा नीति अवलम्वन गर्नुपर्ने, एकै तहका कर्मचारीलाई समान कामको अवसर प्रदान गरिनु पर्ने, उनीहरूलाई बढी जिम्मेवार बनाई विद्यालयको प्रभावकारी सुपरिवेक्षण गरी शिक्षकहरूलाई शिक्षण कार्यमा सहयोग गर्नुपर्ने, कक्षा अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुपर्ने, शिक्षासँग सम्बन्धित सवैसँग असल सम्बन्ध स्थापित गर्नुपर्ने, वि.नि. तथा स्रोतव्यक्तिहरूले विभिन्न किसिमका विषयगत कार्यशाला गोष्ठि, तालिम तथा नियमित छलफलहरू संचालन गर्नुपर्ने, विद्यालय व्यवस्थापन समितिले नियमित विद्यालयको निरीक्षण गरी शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको समास्याहरूमा परिचित भई सोअनुसार समाधानका लागि प्रयासरत रहनु पर्ने, विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका लागि भौतिक

स्रोत र साधनको विस्तार, आर्थिक स्रोतसंकलन गरी सक्षमता प्रदान गर्नु पर्ने, प्र.अ.ले बढी समय शिक्षकहरूको कक्षा अवलोकन र विद्यालयको ब्यबस्थापनमा ध्यान दिनुपर्नेमा त्यस्तो भई रहेको नभएकाले यी पक्षहरूमा समसामयिक सुधार गर्नु आवश्यक देखिन्छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत "विद्यालयमा आधारित सुपरिवेक्षण" शोधकार्यका सिलसिलामा गरिएको अध्ययन, विश्लेषण र सो क्रममा पत्ता लगाएका विषयवस्तुबाट निम्न निष्कर्षमा पुग्न सकिन्छ । नेपालको वर्तमान विद्यालय सुपरिवेक्षण यथार्थमा निष्प्रभावी छ र आफ्नो उद्देश्यअनुसार कार्य गर्न सकिरहेको छैन, विद्यालय निरीक्षककोरूपमा नियुक्ति भएका विद्यालय निरीक्षकहरूले पनि ३ ओटा फरक प्रकारका कामहरू सम्माल्दै आएका छन् । एकथरी का. मु. अथवा निमित्त जि. शि. अ. कारूपमा, कोही शाखा अधिकृतकारूपमा र धेरै जसो विद्यालय निरीक्षकमा नै कार्यरत रहेको पाइएको छ ।

विद्यालय सुपरिवेक्षणको बारम्बारतालाई अध्ययन गर्दा बिद्यालय निरीक्षक औषत प्रति विद्यालय १.६७ पटक र स्रोतव्यक्ति औषत २.५ पटक बार्षिकरूपमा बिद्यालयको सुपरिवेक्षण गर्ने गरेको देखिन्छ । विद्यालय निरीक्षकको तुलनामा स्रोतव्यक्तिले बढी बिद्यालय निरीक्षण गरेको पाइएको छ । शिक्षा ऐन नियमावलीले विद्यालयको प्र.अ. तथा व्यवस्थापन समितिलाई समेत विद्यालय सुपरिवेक्षणसम्वन्धी अधिकार तथा जिम्मेवारीहरू दिएको छ तर त्यसको पालना भने ज्यादै कम भएको देखिएको छ ।

निरीक्षक तथा स्रोतव्यक्तिहरूलाई प्रदान गरिएको सुविधा ज्यादै न्यून रहेको कारण पनि सुपरिवेक्षण कार्य नियमित हुन नसकेको पाइएको छ । सुपरिवेक्षकले कक्षा अवलोकन, तथ्य तथ्याङ्कको ब्याख्या, विश्लेषण, सुधारका लागि ध्यान दिइएको देखिएन भने विषयगत सुपरिवेक्षकको अभाव रहेको पाइयो, सुपरिवेक्षण कार्यमा संलग्नहरूको विषयगत ज्ञानको अभाव, आवश्यक तालिमको अभाव, उपलब्ध स्रोत र साधनको न्यूनताका कारण पनि सुपरिवेक्षण कार्य प्रति उदासीन रहेको पाइएको छ । विद्यालय क्षेत्र सुधार योजना अनुसार गरिएको विद्यालय संरचनाको मोजुदा व्यवस्था कक्षा १० सम्म रहेको विद्यालय शिक्षामा परिवर्तन भई कक्षा १२ सम्म विद्यालय शिक्षामा परिवर्तन हुने देखिदा सो अनुसारका विद्यालयहरुको सुपरिवेक्षण गर्न सक्ने योग्यता भएका कम्तिमा एम.एड. उत्तीर्णलाई मात्र सुपरिवेक्षक बनाउन पर्ने र सो अनुसार तालिम, साधानस्रोत र दक्षता आवश्यक देखिएको छ ।

महत्वपूर्ण पक्ष कामको मूल्याङ्कन नहुनु, कामअनुसार दण्ड र पुरस्कारको व्यवस्था नहुनु, गरे पनि ठीकै नगरे पनि ठीकैको अवस्था रहेको पाइएको छ । विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरूले दिएको

प्रतिवेदनको कार्यान्वयन नभएको, विद्यालय निरीक्षकहरूसँग उच्च र विषयगत दक्षता नरहेको, जस्को कारण सबै विषय शिक्षकहरू लाई आवश्यक पृष्ठपोषण प्रदान गर्न नसकेको, वि.नि. तथा स्रोतव्यक्तिलाई उपलब्ध गराईने भौतिक सुबिधाहरू ज्यादै न्यून छ भने अर्को तीर सुपरिवेक्षण गर्नुपर्ने विद्यालय संख्या धेरै देखिएको छ । विद्यालय निरीक्षकहरूको विद्यालय सुपरिवेक्षण शैक्षिकभन्दा प्रशासनिक नै बढी भएको पाइएको, सुपरिवेक्षकहरूले कक्षा अवलोकन गर्ने गरेको र शिक्षकसँग सामान्य अन्तरक्रिया गर्ने गरेको तर दिइएका पृष्ठपोषणको कार्यान्वयन भए नभएको अनुगमन ज्यादै कम हुने गरेको पाइएको छ, विद्यालय व्यवस्थापन समितिसँग भेटघाट तथा छलफल गर्ने कामले पनि प्राथमिकता नपाइरहेको अवस्था रहेको पाइएको छ । सुपरिवेक्षणको प्रकृति धेरै जसो मिश्रित प्रकारको रहेको, प्रशासनिक सुपरिवेक्षण कम र शैक्षिक सुपरिवेक्षण बढी हुनुपर्नेमा स्रोतव्यक्तिहरूको तुलनामा विद्यालय निरीक्षकहरूको त्यसको विपरीत भई कार्य गरेको देखिएको छ ।

## ५.३ सुझावहरू

समग्र अध्ययनको क्रममा अध्ययनकर्ताले सिन्धुपाल्चोक जिल्लाको अध्ययनबाट सुपरिवेक्षणको अवस्थामा कसरी सुधार गर्न सकिन्छ र सुपरिवेक्षणलाई शिक्षण सिकाईको प्राविधिक सेवाको रूपमा कसरी विकास गर्न सकिन्छ तथा यस सन्दर्भमा देखिएका समस्याहरूको निराकरणको उपायहरू के के हुन सक्नछन् ? भन्ने सन्दर्भमा विभिन्न सरोकारवालाहरूसँग राय सुझाब लिइएको छ । साथै अध्ययनको क्रममा मेरो दृष्टिले देखेका समाधानका उपायहरू सहित सुझावहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ । समग्रमा सुझाबलाई तीन समूहमा विभाजन गरिएको छ । पहिलो समूहमा कार्यान्वयन तहलाई सुझाब, दोस्रोमा नीतिगत तहलाई सुझाब र अन्तमा अनुसन्धान तहलाई सुझाब समावेश गरिएको छ ।

### क) नीतिगत तहकालागि सुझाव

नीतिगत तहमा सबै तह मन्त्रालय, विभाग, क्षे.शि.नि. तथा जि.शि.का.मा दरिलो अनुगमन समयन्त्र स्थापना गरिनु पर्ने, प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था गरी कार्य सम्पादनको आधारमा पदोन्नति र राम्रा अवसरहरू प्रदान गर्ने नीति अवलम्वन गरिनु पर्ने, स्रोतव्यक्ति नियुक्ति गर्ने हालको प्रावधानको सट्टा शिक्षक सेवा आयोगद्वारा परीक्षा लिई योग्य र सक्षम व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा नियुक्ति गर्ने व्यवस्था गर्नुपर्ने, विद्यालय सुपरिवेक्षणको हालको बारम्बरतालाई बृद्धि गर्नुपर्ने, प्रशासनिक निरीक्षणको तुलनामा शैक्षणिक निरीक्षणलाई जोड दिनुपर्ने देखियो ।

विद्यालय क्षेत्र सुधार योजनाले सुपरिवेक्षण कार्यलाई प्रभावकारी कार्यान्वयन गर्ने उल्लेख भएको देखिदा निरीक्षकहरुको स्तरवृद्धि हुनुपर्ने, समयसमयमा तालिम तथा अन्य त्यस्तै कार्यक्रम संचालन गर्ने र सामुहिक निरीक्षण कार्यलाई व्यवस्थाति बनाउन आवश्यक देखियो ।

सिन्धुपाल्चोक जिल्लामा ३८१ ओटा प्राथमिक, ७७ ओटा निम्न माध्यमिक, ११० ओटा माध्यमिक र ३४ ओटा उच्च माध्यमिक विद्यालय समेत गरी कुल ६०२ ओटा विद्यालयहरूका लागि ६ जना विद्यालय निरीक्षक र १९ जना स्रोतव्यक्ति मात्र रहेको देखिँदा एउटा विद्यालय निरीक्षकको जिम्मामा १०० ओटा विद्यालयहरू र स्रोतव्यक्तिको भागमा ३२ ओटा विद्यालयहरू पर्ने देखिएकाले विद्यालय निरीक्षक र स्रोतव्यक्तिको सङ्ख्या बढाउनु पर्ने, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले खास गरेर विद्यालयको प्रशासनिक तथा शैक्षिक निरीक्षण गर्न सक्ने सामर्थ्य राख्नु पर्ने, त्यसैले उनीहरूको क्षमता विकासका लागि अल्पकालीन तालिमहरू समय समयमा उपलब्ध गराउनु पर्ने, शिक्षा नियमावलीमा नै स्रोतकेन्द्रको परिभाषा र काम, कर्तव्य र अधिकार स्पष्ट उल्लेख गर्नुपर्ने, शिक्षा क्षेत्रलाई राजनैतिक र प्रशासनिक हस्तक्षेपबाट अलग राखिनु पर्ने, भई रहेका निरीक्षक तथा स्रोतव्यक्तिहरूको दक्षता अभिवृद्धि गर्नुपर्ने, तहगत सोचको व्यवस्थापनमा फेरबदल गरिनुपर्ने, क्षेत्रीय शिक्षा निर्देशक, जिल्ला शिक्षा अधिकारी तथा निरीक्षकहहरूको काम,कर्तव्य र अधिकार स्पष्ट गरी कार्य गर्न ब्यापक क्षेत्र हुने गरी पुर्नविचार गरिनपर्ने आदि जस्ता नीतिगत सुधारहरूको खाँचो देखिन्छ ।

**ख) कार्यान्वयन तहका लागि सुझाव**

कार्यान्वयन तहमा सरकारले जुन कामका लागि व्यक्तिलाई छनोट गरी नियुक्ति गरेको हो, सोही काममा लगाउनु पर्ने जस्तो विद्यालय निरीक्षकमा नियुक्ति पाएकालाई कसैलाई का.मु.जि.शि.अ. कसैलाई शा.अ. र कसैलाई वि.नि. बनाउन नहुने, सुपरिवेक्षकहरूलाई पेशा प्रति आकर्षित गर्न पेशालाई सम्मानित र आकर्षक बनाउनु पर्ने हुन्छ । स्रोतकेन्द्रहरूलाई वास्तविक स्रोत केन्द्र बनाउन तिनीहरूलाई स्रोतयुक्त बनाउनु पर्ने, समूह सुपरिवेक्षण प्रणाली लागू गर्न सकिएमा प्रभावकारी हुने, वि.नि. र स्रोतव्यक्तिहरूले विद्यालय सुपरिवेक्षणको योजना बनाउनु पर्छ । शिक्षक, विद्यार्थीप्रतिनिधि र वि.व्य.स.पदाधिकारीबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने काम विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरूबाट हुनुपर्ने, वि.नि. तथा स्रोतव्यक्तिहरूले दिएको प्रतिवेदन माथि समयमै कारवाही गर्ने व्यवस्था हुनुपर्ने, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले खास गरेर विद्यालयको प्रशासनिक तथा शैक्षिक निरीक्षण गर्न सक्ने सामर्थ्य राख्नु पदर्छ । त्यसैले उनीहरूको क्षमता विकासका लागि अल्पकालीन तालिमहरू समय समयमा उपलब्ध गराउनु पर्दछ, शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न सुपरिवेक्षकले मूलतः कक्षाकोठाको

अवलोकन, सामूहिक व्याख्या विश्लेषण, योजना र कार्यक्रम तथा सुधारजस्ता पक्षमा, नमूना पाठ प्रदर्शन, शिक्षकहरूसँग बसी छलफल, विचार, विमर्श, नियमित कार्यशाला, गोष्ठि सञ्चालन, शैक्षिक सूचना प्रवाहकर्ता तथा सन्देशवाहककर्ताको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

**ग) अनुसन्धान तहकालागि सुझाव**

अनुसन्धान तहमा खासगरी सुपरिवेक्षणलाई प्रभावकारी बनाउदै शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्न सुपरिवेक्षक, शिक्षक तथा विद्यार्थीहरू गुणस्तरयुक्त बन्नु पर्दछ । बालकलाई कस्तो बनाउने, कस्तो शिक्षा दिने, कसरी विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षमता प्रदान गर्न समेतका लागि भैरहेको व्यवस्थामा आवश्यक सुधार तथा व्यवस्थापनको आवश्यकता पर्दछ । यसका लागि शिक्षासँग सरोकार राख्ने खास गरी शिक्षा मन्त्रालय र शिक्षा विभागले नीतिगत पक्षमा सुधार ल्याउन, सुविधा विस्तार गर्दै लगी सुपरिवेक्षण कार्यलाई व्यापक र प्रभावकारी बनाउन, भैरहेको विद्यालय निरीक्षण अनुपातलाई समसामयिक बनाई व्यवहारिक बनाउन, शिक्षक, विद्यार्थीको क्षमता अभिवृद्धिका लागि आवश्यक विभिन्न तालिम कार्यक्रमहरूको व्यवस्थापन गर्न समेत थप अनुसन्धान गर्नु जरूरी छ ।

विद्यालय शिक्षाको संरचना परिवर्तन भई कक्षा १२ सम्म विद्यालय शिक्षामा समाहित हुने अवस्थालाई मध्यनजर गर्दै सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन यसको सुदृढीकरणका लागि नियमित अनुसन्धान आवश्यक हुन्छ ।

जिल्लातहमा कार्यान्वयनको प्रभाकारीता नभएको गुनासो आई रहेको, निरीक्षक तथा स्रोतव्यक्तिहरूले नियमानुसार सुपरिवेक्षण नगरी सरकारलाई दायित्व मात्र दिईरहेको भन्ने भनाई आईरहेको सन्दर्भमा यसलाई सुधार गर्न पनि कहाँ के कस्ता समस्याहरू छन् तीनको समाधान कसरी गर्न सकिन्छ, भएका कमी कमजोरीहरूको पहिचान गर्दै आवश्यक सुधार गर्न समेत अनुसन्धान जरूरी छ । शिक्षासँग सम्वन्धित विभिन्न संघ संस्थाहरू, शिक्षाविद्हरू, भावी अनुसन्धानकर्ताहरूले देशको शिक्षा क्षेत्रको विकास छिटो छरितोरूपमा गर्न सरकारबाट, शिक्षक तथा विद्यार्थीबाट, अभिभावकबाट लगायत अन्य सवैबाट चालिन पर्ने कदम र गरिन पर्ने कार्यहरूको समेत विस्तृत अध्ययन गरी नीतिगत तह र कार्यान्वयन तहलाई थप आवश्यक सुझावहरू सुधारका गुञ्जायसहरू प्रति ध्यान आकृष्ट गर्दै जानु उपयुक्त हुन्छ ।

**अध्ययनका लागि सम्भावित शीर्षकहरू**

शैक्षिक सुपरिवेक्षणका विषयमा केही अध्ययनहरू भएता पनि भएका अध्ययनहरू पूर्ण रहेको अवस्था नदेखिएको कारण भविष्यमा यस सम्बन्धमा थप अध्ययन गर्नका लागि शोधकर्ताले सिफारिस गरेका शीर्षकहरू निम्न बमोजिम उल्लेख गरिएको छ ।

१. विद्यालयको व्यवस्थापन र सुपरिवेक्षणमा समुदायको सहभागिताको अध्ययन ।

२. विद्यालय सुपरिवेक्षण र विद्यार्थी उपलब्धिबीचको सम्बन्धको अध्ययन ।

३. विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको प्रभावकारिताको अध्ययन ।

४. सुपरिवेक्षण सम्बन्धमा विद्यमान संरचनात्मक व्यवस्थाको अध्ययन ।

५. सुपरिवेक्षणमा सुपरिवेक्षकको योग्यता र तालिमको प्रभावकारिता अध्ययन र

६. सुपरिवेक्षणमा भौगोलिक विविधताको प्रभावको अध्ययन ।

# सन्दर्भ सामग्रीहरू


अर्याल, प्रल्हाद (२०६४), **शिक्षा प्रशासनका आयामहरु,** डिल्लीबजार,काठमाण्डौं, सोपान मासिक ।

अर्याल, गोविन्द प्रसाद (२०६२), **शैक्षिक उन्नयन, काठमाण्डौं,** शैक्षिक प्रवर्धन केन्द्र (सेडिन) ।

अधिकारी, विष्णुप्रसाद (२०६२), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली**, **काठमाण्डौं,** आषिश पुस्तक भण्डार ।

अधिकारी, नारायणप्रसाद (२०६४), **शैक्षिक सुपरिवक्षेण : समस्या र समाधानका उपायहरूः** सुर्खेतः इन्टेलेक्चुयल फोरम ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५), **शिक्षा तथा खेलकद मन्त्रालय**,केशरमहल, काठमाडौ, लेखक ।

**एजुकेशन पेजेज (२०६३),** एजुकेशन पेजेज भाद्र, १-१५, काठमाडौं, लेखक ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (२०५३), **विद्यालय सुपरिवेक्षण स्रोत सामग्री**, काठमाडौंः लेखक ।

काफ्ले, बासुदेव र अन्य (२०६१), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काठमाडौंः भूँडीपुराण प्रकाशन ।

काफ्ले, भोजराज (२०५४), **नेपालको शैक्षिक दर्पण,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

कार्की, बाबुकाजी (२०६६), **शिक्षा शैक्षिक पत्रिका,** भक्तपूर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

खनाल, राजन (२०६६), **सार्वजनिक व्यवस्थापनका समसामयिक बहस,** काठमाण्डौं : सोपान मासिक।

खनाल, दिनेश (२०६०) **काठमाडौ जिल्लाको सामुदायिक विद्यालयहरूको शैक्षिक उपलब्धिमा स्रोतकेन्द्रको भूमिकाः एक अध्ययन,** काठमाडौं : अप्रकाशीत शोधकृति, महेन्द्ररत्न क्याम्पस ताहाचल,।

खनाल, हरिप्रसाद (२००५), **नेपालमा विद्यालय सुपरिवेक्षण वर्तमान अभ्यास**, अप्रकाशीत, शोधपत्र, काठमाडौ : काठमाण्डौ विश्वविद्यालय ।

खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौंः स्टुडेण्टस् बुक्स पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स कीर्तिपुर ।

शिक्षा विभाग (२०६२), **शैक्षिक स्मारिका**, सानोठिमी, भक्तपूर : लेखक ।

**नेपालमा शिक्षा, नेपाल राष्ट्रिय शिक्षा आयोग, (२०११),** काठमाडौं, कलेज अफ एजुकेशन ।

नेपाल, जर्नादन (२०६४), **नेपालको शिक्षा प्रणाली : चुनौती र सम्भावन,** काठमाडौंः श्रीमती चन्द्रवती नेपाल डिल्लीवजार ।

पौडेल, लेखनाथ (२०५५), **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**, काठमाण्डौ ।

बलायर, भोजबहादुर (२०६४), **शैक्षिक स्मारिका,** भक्तपूर : शिक्षा विभाग सानोठिमी ।

विद्यालय सुपरिवेक्षण स्रोतसामग्री (२०५५), **आ.प्रा.शि.प.** भक्तपुर : स्रोतकेन्द्र विकास एकाई, सानोठिमी

भट्ट, भीमदेव (२०५८) **सार्वजनिक प्रशासनको आधारभूत सिद्धान्त,** आशिषदेव भट्ट, मेचीगेन स्ट्रेट , अमेरिका

भट्ट, भीमदेव (२०५५) **विकास प्रशासन,** आभाषदेव भट्ट, ख २-९६, डिल्लीबजार, काठमाण्डौं ।

लम्साल, हरिप्रसाद (२०६४), **समकालिन शैक्षिक चुनौती र भावी दिशा,** सोपान मासिक ।

लुईंटेल, डिल्लीराम (२०६१), **शिक्षा दिवस विशेषाङ्क**, भक्तपूर : शिक्षा विभाग, सानोठिमी ।

वाग्ले, डा. मनप्रसाद, (२०५६) **विद्यालय शिक्षा : समस्या र समाधान**, शैक्षिक उन्नयन ।

**राष्ट्रिय शिक्षा पद्धतिको योजना, (२०२८),** केशरमहल, काठमाण्डौ : शिक्षा मन्त्रालय ।

**राष्ट्रिय शिक्षा आयोग, (२०४९),** राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, केशरमहल, काठमाण्डौं : लेखक ।

**सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, (२०१८),** केशरमहल, काठमाण्डौ : शिक्षा मन्त्रालय ।

सिन्हा, रामस्वरुप (२०६३), **एक्काइसौं शताब्दीको दूरदृष्टि** : काभ्रे अफसेट प्रेस, तिनकुने ।

शर्मा, गोपीनाथ (२०५७), **विद्यालय निरीक्षणको सङ्क्षिप्त इतिहास,** ललितपुरः साझा प्रकाशन ।

शर्मा, चिरञ्जिवी (२०६१), **शैक्षिक सुपरिवेक्षण**, काठमाडौं : एम.के. पब्लिकेशन ।

शर्मा, सुरेशराज (२०५७), **विद्यालय निरीक्षणको संक्षिप्त इतिहास,** गोपीनाथ शर्मा : लेखक ।

शिक्षा विभाग (२००३), **सबैका लागि शिक्षा कार्यक्रमको पञ्चबर्षीय रणनीति (२००४-२००९),** शिक्षा विभाग सानोठिमी, भक्तपूर : लेखक ।

**शिक्षा शास्त्र र नेपालमा शिक्षा तथा निरीक्षण, (२०६३),** एन.पी. थापा : लेखक ।

**शिक्षा विभाग र शिक्षा अनुसन्धान तथा विकास केन्द्रद्वारा गरिएका अध्ययन प्रतिवेदन, (२०६१),** सनोठिमी, भक्तपूर : शिक्षा विभाग

शिक्षा मन्त्रालय (२०६६), **विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२**, काठमाण्डौं : लेखक ।

Bista, Min Bahadur (1979). **Quality of successful Educational Supervision in the Nepalese Perspective.**Unplished. Masterial Thesis, Kathmandu: Institute of Education, T U

Ministry of education and Sports (2002), **Secondary Education Support Program,** Kathmandu: Author.

Government of Nepal, Ministry of education (2008) **School Sector Reform Program Core Document** Kathmandu: Author.

SIF WISDOM (2064) **A Creative and Research Jornal. Volume I.** Birendranagar, Surkhet: Surkhet Intelletual Forum.

Ministry of Education(1997), **The Basic and Primary Education Master Plan,** The Master Plan Team, Kathmandu : Author.

Unruth, Adolf and Turner, Harold E. (1967), **Supervision for changing and innovation.** New york: Houghton Mifflin Company.

Wiles, Kambell (1955). **Supervision for Better School**.( 3rd Ed. 1967). New York: Prentice Hall.